बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

वर्ष १ अंक २ २०७८ कार्तिक (Oct. - Dec., 2021)

बुलेटिन Bulletin

## "मुलुकको बीमा क्षेत्रलाई नीतिगतरूपमा आवद्ध गराउन राष्ट्रिय बीमा नीति आवश्यक छ"

- अध्यक्ष सिलवाल



विजया दशमी, शुभ दीपावली र छठ पर्वको उपलक्ष्यमा बीमा समितिबाट आयोजित शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै बीमा समितिका अध्यक्ष सूर्य प्रसाल सिलवाल

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा क्षेत्रको समग्र विकास एवम् विस्तारका लागि राष्ट्रिय बीमा नीति आवश्यक भएको बताउनुभएको छ । विजया दशमी, शुभ दीपावली र छठ पर्वको उपलक्ष्यमा बीमा समितिले यही असोज २४ गते ललितपुरको कुपण्डोलस्थित समितिको कार्यालय परिसरमा आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले मुलुकको बीमा क्षेत्रलाई नीतिगतरूपमा आवद्ध गराउन राष्ट्रिय बीमा नीति आवश्यक भएको बताउनुभयो । अध्यक्ष सिलवालले आगामी दिनमा बीमा क्षेत्रलाई कुन उचाईमा पुर्‍याउने भन्नका लागि समेत राष्ट्रिय बीमा नीति आवश्यक भएको विषयमा अर्थ मन्त्रालयलाई जानकारी गराइएको र त्यसमा मन्त्रालय सकारात्मक रहेको बताउनुभयो । साथै, उहाँले देशमा बीमाको पहुँच विस्तारका लागि आवश्यक सहयोग गर्न

समेत अर्थ मन्त्रालयले तत्परता देखाएको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले बीमा क्षेत्रलाई सन्तुलितरूपमा अगाडि बढाउने प्रयासमा समिति रहेको उल्लेख गर्नुहुँदै समितिलाई लिखितरूपमा जानकारी दिएर बीमा सचेतना कार्यक्रमलाई व्यापकरूपमा अगाडि बढाउन बीमा कम्पनीहरूसँग आग्रह गर्नुभयो । अध्यक्ष सिलवालले कोरोना बीमा दाबीको बाँकी भुक्तानीका सम्बन्धमा समितिको राय अर्थ मन्त्रालयमा पठाएको जानकारी दिनुहुँदै त्यससम्बन्धमा छिट्टै निकास निस्कने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले समग्र बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि बीमा समिति गम्भीरताका साथ लाग्दै आएको र त्यसमा बीमा कम्पनीहरूको सहयोग समेत अपरिहार्य रहेको बताउनुभयो ।कार्यकारी निर्देशक पौडेलले बीमाको पहुँच विस्तारका लागि समितिले विभिन्न स्थानीय तहहरूमा स्थानीय सरकारहरूसँगको समन्वयमा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरू संचालन गर्दै ठोस नीति कार्यक्रमका साथ पालिकामा बीमालाई अनिवार्य गर्न आग्रह गर्दै आएको जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक पूजन ढुङ्गेल (अधिकारी) ले संचालन गर्नुभएको शुभकामना आदान प्रदान कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लाल, बीमक सङ्घका अध्यक्ष दीपप्रकाश पाण्डे, जीवन बीमक सङ्घका अध्यक्ष निर्मलकाजी श्रेष्ठ, बीमा समिति कर्मचारी युनियनका अध्यक्ष पूर्णबहादुर थापा र बीमा समिति कर्मचारी सङ्गठनका अध्यक्ष पदमप्रसाद सोडारीले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो । कार्यक्रममा जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी र पुनर्बीमा कम्पनीका प्रमुख कार्यकारी अधिकृतहरूको सहभागिता रहेको थियो ।

◆◆◆

## कोरोना बीमाको बाँकी दाबी भुक्तानी सम्बन्धमा उच्चस्तरीय छलफल

माननीय अर्थमन्त्री जनार्दन शर्माले कोरोना बीमाको बाँकी रहेको दाबी भुक्तानीका सम्बन्धमा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालसँग छलफल गर्नुभएको छ ।

माननीय अर्थमन्त्री शर्माले कोरोना बीमाको बाँकी दाबी



माननीय अर्थमन्त्री जनार्दन शर्मा कोरोना बीमाको बाँकी रहेको दाबी भुक्तानीका सम्बन्धमा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालसँग छलफल गर्नुहुँदै ।

भुक्तानीका लागि आवश्यक पर्ने स्रोत, साधन र उपायका बारेमा यही असोज १३ गते अर्थ मन्त्रालयमा बीमा समितिका अध्यक्ष सिलवालसँग छलफल गर्नुभएको हो ।

अर्थमन्त्री शर्माले कोरोना बीमासम्बन्धी समस्याको छिटो समाधानका लागि सम्बन्धित सरोकारवालाहरूसँग

छलफल गरी विभिन्न विकल्प तयार गरी मन्त्रालयमा पेश गर्न समितिलाई निर्देशन दिनुभयो ।

उहाँले समितिबाट प्रस्तुत हुने विकल्पहरूमध्ये मन्त्रालयमा हुने छलफलबाट उपयुक्त देखिने विकल्प अवलम्बन गरी कोरोना बीमा दाबी भुक्तानीको समस्या समाधान गरिने स्पष्ट गर्नुभयो ।

छलफलमा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले समितिले बीमा कम्पनीहरू लगायतका सरोकारवालाहरूसँग छलफल गरी कोरोना बीमाको दाबी भुक्तानीका विकल्पहरू तयार गरी मन्त्रालयमा बुझाउने बताउनुभयो ।

अध्यक्ष सिलवालले मन्त्रालयबाट छनौट हुने उपयुक्त विकल्पका आधारमा बीमा कम्पनीहरूसँग सहमति कायम गरी कोरानो बीमाको दाबी भुक्तानीको समस्या समाधान गरिने बताउनुभयो ।छलफलमा अर्थ मन्त्रालयका राजस्व सचिव कृष्णहरि पुष्कर तथा बीमा समितिका निर्देशकहरू पूजन ढुङ्गेल (अधिकारी) र सुशीलदेव सुवेदी उपस्थित हुनुहुन्थ्यो ।

कोरोना बीमाको करिव रू. ११ अर्बको दाबी भुक्तानी गर्न बाँकी रहेको छ ।

◆◆◆

## "जनशक्तिमा जति लगानी गऱ्यो त्यति राम्रो परिणाम आउँछ"

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा समितिलाई नियामक निकायका रूपमा अझ सशक्तरूपले अगाडि बढाउनका लागि सबै कर्मचारीहरूको भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ ।

बडादशैं, शुभ दीपावली, नेपाल सम्बत् र छठ पर्वका अवसरमा बीमा समिति कर्मचारी युनियन र बीमा समिति कर्मचारी सङ्गठनले संयुक्तरूपमा यही असोज २२ गते ललितपुरमा आयोजना गरेको शुभकामना आदान प्रदान कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै अध्यक्ष सिलवालले कार्यालयको जनशक्ति ध्ज्कबल ऋबउष्तबि




बीमा समिति कर्मचारी युनियन र बीमा समिति कर्मचारी सङ्गठनद्वारा आयोजित शुभकामना आदान प्रदान कार्यक्रममा सहभागी हुनुहुँदै बीमा समितिका अध्यक्ष सूर्य प्रसाद सिलवाल

मा जति लगानी गऱ्यो त्यति राम्रो परिणाम आउने भएकाले जनशक्तिमा आवश्यकता अनुसार लगानी गर्न समिति तयार रहेको बताउनुभयो ।

अध्यक्ष सिलवालले कर्मचारीहरूलाई सैद्धान्तिक र ब्यवहारिक तालिम प्रदान गर्नका लागि चालू आर्थिक वर्षको कार्यक्रममा आवश्यकता अनुसार तालिमको ब्यवस्था गरिएको र कर्मचारीहरूको वृत्ति विकासका लागि समेत प्रक्रिया अगाडि बढाइएको जानकारी दिनुभयो ।

अध्यक्ष सिलवालले कर्मचारीहरूको सामूहिक प्रयासबाट नै समिति यहाँसम्म आइपुगेको उल्लेख गर्नुहुँदै कर्मचारीहरूका लागि आफू सदैव खुला रहेको बताउनुभयो ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले समितिबाट प्रवाह गरिने सेवामा कुनै पनि कमी कमजोरी आउन नदिई सेवा प्रवाहलाई छिटो छरितो बनाउन कर्मचारीहरू क्रियाशील हुनुपर्ने बताउनुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लाल, उपनिर्देशक शाम्भराज लामिछाने, बीमा समिति कर्मचारी युनियनका अध्यक्ष पूर्णबहादुर थापा र बीमा समिति कर्मचारी सङ्गठनका उपाध्यक्ष राजेन्द्र महर्जनले शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।

♦♦♦

## ओखलढुङ्गाको सिद्धिचरण नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

स्थानीय तहहरूमा बीमासम्बन्धी जनचेनामूलक कार्यक्रमहहरू अभियानका रूपमा संचालन गर्दै जाने क्रममा प्रदेश नं. १ को ओखलढुङ्गा जिल्लाको सिद्धिचरण नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेल बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै ।

बीमा समितिद्वारा यही असोज १ गते आयोजित कार्यक्रममा सिद्धिचरण नगरपालिकाका वडा अध्यक्ष तथा सदस्य, विभिन्न बैङ्क, वित्तीय संस्था तथा बीमा कम्पनीका प्रमुख तथा प्रतिनिधि, कृषक, बीमा अभिकर्ता, शिक्षक, विद्यार्थी, कर्मचारी, कृषक र सर्वसाधारणहरू गरी करिव १०१ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको परिचय, बीमाको महत्व तथा फाइदा, बीमा गर्ने तरिका, बीमा दावी भुक्तानी प्रक्रिया र बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यकारी निर्देशक पौडेलले सबै नागरिक बीमाको दायरामा आएमा विपद्का समयमा बीमाले नै क्षतिपूर्ति वापतको आर्थिक दायित्व व्यहोर्ने भएकाले त्यस्तो दायित्वबाट सबै तहका सरकारहरू मुक्त हुने र नागरिक पनि लाभान्वित हुने बताउनुभयो ।

उहाँले बीमाको दायरा विस्तारका लागि नगरपालिकाका नीति तथा कार्यक्रममा बीमा गर्दा कर छूट पाइने लगायतका विभिन्न प्रोत्साहनका कार्यक्रमहरू ल्याउन आग्रह गर्नुभयो ।

कार्यक्रममा सिद्धिचरण नगरपालिकाका प्रमुख मनोजकुमार श्रेष्ठले बीमाले भविष्यमा आइपर्ने विपद्का कारण हुने क्षतिका विरूद्ध आर्थिक सुरक्षा गर्ने भएकाले सबै नगरवासीलाई बीमाको दायरामा ल्याउन नगरपालिकाले छिट्टै महत्वपूर्ण निर्णय गर्ने जानकारी दिनुभयो ।

उहाँले बीमा क्षेत्रमा देखिएको दावी भुक्तानीको समस्या निराकरणका लागि बीमा समिति विशेष कार्यनीतिका साथ अगाडि बढ्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

यसैगरी, सिद्धिचरण नगरपालिकाकी उपप्रमुख इच्छाकुमारी गुरुङले कृषि बीमाबाट न्यून आय भएका कृषकलाई धेरै राहत पुग्ने गरेको चर्चा गर्नुहुँदै पशुपन्छी बीमामा राखिएको घरपालुवा जनावरको बिमाङ्क रकम बृद्धि गर्न कृषकहरूले माग गर्दै आएको जानकारी दिनुभयो ।

नेपाल जीवन बीमक सङ्घका अध्यक्ष एवम् मेट लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत निर्मलकाजी श्रेष्ठले बीमालाई जीवनको एउटा अभिन्न अङ्गका रूपमा अङ्गिकार गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनीका नायव कार्यकारी अधिकृत विनोदकाजी श्रेष्ठले बीमा शिक्षाको कमीका कारण बीमा कम्पनीले दावी भुक्तानी दिँदैनन् भन्ने भ्रम सिर्जना भएको आफ्नो अनुभव रहेको वताउनुभयो ।

उद्योग वाणिज्य संघ, ओखलढुङ्गाका अध्यक्ष ज्ञानेन्द्र मास्केले बीमितले बीमा गरेपछि के प्रतिफल पाउँछन् भन्ने विषयमा जानकारी गराएर मात्र बीमा गराउनुपर्नेतर्फ बीमा कम्पनीहरूको ध्यान जानुपर्ने विचार व्यक्त गर्नुभयो ।

अन्तरक्रिया कार्यक्रममा सहभागीहरूले बीमा दावी भुक्तानी प्रक्रियालाई थप चुस्तदुरुस्त तथा पारदर्शी बनाउनु पर्ने, कृषि तथा पशुपन्छी बीमाको बीमाङ्क रकममा वृद्धि गर्नुपर्ने, बीमा कम्पनीहरूले आफ्ना कर्मचारीहरूको दक्षता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्नुपर्ने र तोकिएको प्रतिशतमा लघुबीमा तथा कृषि बीमाको दायरा विस्तार गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

साथै, उहाँहरूले बीमा समितिले स्थानीय तहलाई बीमासम्बन्धी नीति बनाउन आवश्यकता अनुसार प्राविधिक सहयोग उपलब्ध गराउनुपर्ने, बीमा सर्भेयर समयमा उपलब्ध नहुने समस्या समाधान गर्न समितिले बीम सर्भेयरको सङ्ख्या थप गर्नुपर्ने, आम नागरिकमा बीमाको पहुँच विस्तारका लागि स्थानीय तह समेतको सहभागितामा बीमा सचेतना कार्यक्रम निरन्तर सञ्चालन गर्नुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमपश्चात् बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले नगरपालिकामा कार्यक्षेत्र भएका विभिन्न बीमा कम्पनीका काम कारवाही र समस्याका बारेमा सम्बन्धित कम्पनीका प्रमुख तथा प्रतिनिधिहरूबाट जानकारी लिनुभएको थियो ।

◆◆◆

## भक्तपुरको सूर्यविनायकमा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही



कार्यक्रममा बीमाका बारेमा जिज्ञासा राख्दै सहभागीहरु ।

भदौ ३० गते बागमती प्रदेशको भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिकामा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

बीमा समितिबाट आयोजित कार्यक्रममा सूर्यविनायक नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, भक्तपुर उद्योग वाणिज्य सङ्घ, नेपाल पत्रकार महासङ्घ, भक्तपुर शाखा र जिल्ला महिला सङ्घका प्रतिनिधि, स्थानीय महिला, कृषक, बैङ्क, वित्तीय संस्था तथा बीमा कम्पनीका प्रतिनिधि, यातायात व्यवसायी सङ्घका प्रतिनिधि र सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथी सूर्यविनायक नगरपालिकाका प्रमुख वासुदेव थापाले बीमाले व्यक्ति, परिवार र सम्पत्तिमा आइपर्ने जोखिमको आर्थिक सुरक्षा गर्ने भएकाले सबैले बीमा गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो । उहाँले बीमा क्षेत्रको प्रवर्द्धनका लागि सहयोग गर्न नगरपालिका तयार रहेको बताउनुभयो । साथै, उहाँले कोरोना बीमाको दाबी भुक्तानी यथाशीघ्र गराउनका लागि आवश्यक पहल गर्न बीमा समितिसँग आग्रह गर्नुभयो ।

भक्तपुर उद्योग वाणिज्य सङ्घका महासचिव रोशनीमाया धौवञ्जारले निर्जीवन बीमाको दाबी भुक्तानीलाई छिटो छरितो बनाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले कोरोना बीमाको दाबी भुक्तानी यथाशीघ्र गर्नुपर्ने, कृषि तथा पशुपन्छी बीमाको बीमाङ्क बजार मूल्य अनुसार परिमार्जन गर्नुपर्ने, कृषि बीमा अभिकर्ता, प्राविधिक र क्षति मूल्याङ्कनकर्ताको रोस्टर बीमा कम्पनीहरूले वेभसाइटमा राख्नुपर्ने, कृषि बीमाको दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउनुपर्ने, मठमन्दिर र पुरातात्विक सम्पदाको पनि बीमा गर्ने व्यवस्था हुनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

त्यस अवसरमा बीमा समितिका उपनिर्देशक सन्तोष कार्कीले बीमा दाबी भुक्तानीलाई अझै सरल, पारदर्शी र प्रभावकारी बनाउन समितिबाट पहल भइरहेको, कृषि तथा पशुपन्छी बीमा व्यवसायको विकास एवम् विस्तारका लागि बीमा अभिकर्तालाई तालिमको व्यवस्था गरिएको र सबै निर्जीवन बीमा कम्पनीलाई कृषि तथा पशुपन्छी बीमा क्षति मूल्याङ्कनकर्ताको रोस्टर राख्न निर्देशन दिइएको जानकारी दिनुभयो ।

उहाँले नगरपालिकाका सबै नगरवासीमा बीमाको पहुँच पुऱ्याउन नीतिगत व्यवस्था गर्नुपर्ने र त्यसका लागि सहजीकरण गर्न समिति तयार रहेको बताउनुभयो । कार्यक्रमको संचालन बीमा समितिका सहायक निर्देशकहरू राम कोजु र मौनता धौबञ्जारले गर्नुभएको थियो ।

◆◆◆

## सिराहाको लाहानमा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

बीमा समितिद्वारा स्थानीय तहमा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने क्रममा सिराहाको लाहानमा यही भदौ २८ गते बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।




लाहान नगरपालिकाका प्रमुख मुनी साह र बीमा समितिका निर्देशक दिनेश कुमार लाल लगायत अतिथिहरु

प्रदेश नं. २ को सिराहा जिल्लाको लाहान नगरपालिकामा भएको कार्यक्रममा लाहान नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, अगुवा कृषक, महिला, जिल्ला उद्योग वाणिज्य संघका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, संचारकर्मी र सर्वसाधारणहरू गरी करिव १८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि एवम् लाहान नगरपालिकाका प्रमुख मुनी साहले नगरवासीहरूमा बीमाको पहुँच विस्तारका लागि नगरपालिका ठोस नीति तथा कार्यक्रमका साथ अगाडि बढ्ने बताउनुभयो । प्रमुख साहले नगरपालिकाले नगरवासीको दुर्घटना बीमा गर्ने प्रयोजनका लागि रू. १० करोड विनियोजन गरेको जानकारी दिनुहुँदै नगरपालिकाको कार्यालय हाताभित्र बीमा कम्पनीको शाखा कार्यालय खोल्न बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको महत्व, बीमा गर्ने विधि, दावी भुक्तानी प्रक्रिया र बीमा क्षेत्रको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले छरिएर रहेका टुक्राटाक्री जग्गामा लगाइएका बालीको बीमा गर्न नपाएको, आँप र पुष्प



कार्यक्रममा प्रमुख अतिथि, अतिथि लगायत सहभागीहरू ।

खेतीको बीमालेख नभएकाले बीमा गर्न नसकिएको, बजार मूल्य अनुसार पशु बीमाको बीमाङ्क कायम नभएको, अनुत्पादक गाई, भैंसी, बाच्छा, बाच्छी जस्ता पशुको बीमा गर्ने व्यवस्था नभएको जस्ता समस्याहरू रहेको बताउनुभयो ।

उहाँहरूले बीमा कम्पनीका स्थानीय शाखा कार्यालयहरूबाट नै बीमाको दाबी भुक्तानी पाउने व्यवस्था गर्न समेत आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका सहायक निर्देशक हृदयश्वर पण्डितले अतिथि लगायत सहभागीहरूको स्वागत गर्नुभएको थियो भने कार्यक्रमको संचालन समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले गर्नुभएको थियो ।

कार्यक्रममा प्रभु इन्स्योरेन्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत संचित बज्राचार्य र सानिमा जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुधुम्न उपाध्याय पनि सहभागी हुनुहुन्थ्यो । ◆◆◆

## सप्तरीको खडक नगरपालिकामा बीमासम्बन्धी अन्तरक्रिया

स्थानीय तहमा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरूलाई अभियानका रूपमा अगाडि बढाउने क्रममा प्रदेश नं. २ को सप्तरी जिल्लाको खडक नगरपालिकामा यही भदौ ३० गते बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा खडक नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, उद्योगी, ब्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, शिक्षक, कृषक, संचारकर्मी र सर्वसाधारण गरी करिव १७० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि खडक नगरपालिकाका प्रमुख हेमायू हकले नगरक्षेत्रमा बीमाको पहुँच विस्तारका लागि नीतिगतरूपमा नै अगाडि बढ्ने प्रतिवद्धता ब्यक्त गर्नुभयो ।

उहाँले नगरपालिकामा जीवन बीमाका साथै, घर, सम्पत्ति र कृषि तथा पशुपन्छी बीमाको पहुँच विस्तारका लागि शाखा कार्यालय स्थापना गर्न बीमा कम्पनीहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको महत्व, बीमा गरेपछि प्राप्त हुने फाइदा, बीमा गर्ने तरिका, दाबी भुक्तानी विधि, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका, बीमा क्षेत्रमा देखिएका समस्या र समस्या समाधानका लागि बीमा समितिले गरेका कार्य लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा बीमा समितिका सहायक निर्देशक हृदयश्वर पण्डितले अतिथि लगायत सहभागीहरूको स्वागत गर्नुभएको थियो भने कार्यक्रमको संचालन समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले गर्नुभएको थियो ।

कार्यक्रममा आइएमई लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत कवि फुँयाल र सानिमा जनरल इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुधुम्न उपाध्यायको उपस्थिति थियो । ◆◆◆

## सिराहाको गोलबजारमा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही असोज १ गते प्रदेश नं. २ को सिराहा जिल्लाको गोलबजार नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।




कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

ध तथा कर्मचारी, स्थानीय उद्योगी ब्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, शिक्षक, बीमा

अभिकर्ता, संचारकर्मी, कृषक र सर्वसाधारण गरी करिव ११० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गोलबजार नगरपालिकाका प्रमुख देवनाथ साहले सबै नगरबासीलाई बीमाको दायरामा ल्याउन ठोस नीतिका साथ अगाडि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाबाट भविष्यमा विपत्ति लगायतका कारणले घर, सम्पत्ति, कृषि बाली, पशुपन्छी, मोटर लगायतमा हुने हानी नोक्सानीका विरुद्ध आर्थिक सुरक्षा हुने भएकाले आम नगरबासीलाई बीमाको दायरमा ल्याउनका लागि आवश्यक व्यवस्था गर्न नगरपालिकासँग आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका सहायक निर्देशक हृदयश्वर पण्डितले अतिथि लगायत सहभागीहरूको स्वागत गर्नुभएको थियो भने कार्यक्रमको संचालन समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले गर्नुभएको थियो । ◆◆◆

## सप्तरीको राजविराजमा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही असोज २ गते प्रदेश नं. २ को सप्तरी जिल्लाको राजविराज नगरपालिकामा ीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा राजविराज नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, उद्योगी, व्यवसायी, बीमा, बैंङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, बीमा अभिकर्ता, शिक्षक, कृषक र सर्वसाधारण गरी करिव १८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि राजविराज नगरपालिकाका प्रमुख शम्भुप्रसाद यादवले नगरमा बीमाको पहुँच विस्तारका लागि आगामी दिनमा नीति बनाएर अगाडि बढ्ने जानकारी दिनुहुँदै बीमासम्बन्धी नीति निर्माणमा सहयोग गर्न र सर्वसाधारण उत्साहित हुनेखालका बीमालेख बनाउन बीमा समितिलाई आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको महत्व, बीमाबाट हुने फाइदा, बीमाको विकास एवम् विस्तारमा स्थानीय तहको भूमिका, दाबी भुक्तानी लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै निर्देशक लालले एकल बीमा शुल्कको पोलिसीमा विकृति देखिएकाले हाल बन्द गरिएको र बीमा अभिकर्तालाई ऋण नदिन निर्देशन दिए पनि अन्य सेवा सुविधा प्रदान गर्न भने कुनै रोकावट नभएको स्पष्ट गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले सजिलैसँग बीमा गर्न पाउने व्यवस्था गर्न, दाबी भुक्तानी प्रक्रियालाई छिटो छरितो बनाउन, ग्रामीण क्षेत्रमा समेत बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरूलाई निरन्तरता दिन, बीमा अभिकर्ताका सुविधा कटौती नगर्न र नीतिगतरूपमै बीमा अभिकर्ताले पाउने कमिशन सुनिश्चित गर्न ध्यानाकर्षण गर्नुभएको थियो ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

कार्यक्रममा अतिथि लगायत सहभागीहरूको स्वागत बीमा समितिका सहायक निर्देशक हृदयश्वर पण्डितले र कार्यक्रम संचालन समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले गर्नुभएको थियो ।

कार्यक्रममा एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडका प्रमुख कार्यकारी अधिकृत सुनिलवल्लभ पन्तको समेत उपस्थिति थियो ।

♦♦♦

यसैक्रममा, बीमा समितिका निर्देशक दिनेश कुमार लाल नेतृत्वको टोलीले सिराहा जिल्लाको लाहानमा रहेका नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड, लाइफ इन्स्योरेन्स कर्पोरेशन नेपाल लिमिटेड, एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड, जनरल इन्स्योरेन्स नेपाल लिमिटेड र एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेडका कार्यालयहरूको स्थलगत निरीक्षण समेत गरेको थियो । ♦♦♦

## सप्तरीस्थित बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुखसँग अन्तरक्रिया

बीमा समितिका निर्देशक दिनेश कुमार लाल नेतृत्वको टोली र प्रदेश नं. १ को सप्तरी जिल्लाको इटहरीस्थित बीमा कम्पनीका प्रदेश तथा जिल्ला शाखा कार्यालयका प्रमुखहरूसँग यही असोज १ गते बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा प्रदेश तथा जिल्लास्तरमा बीमाको पहुँच विस्तार, बीमा दाबी भुक्तानीको अवस्था, शाखा कार्यालयका समस्या र समाधानका उपाय, बीमा सचेतना कार्यक्रम संचालन लगायतका विषयमा छलफल भएको थियो ।

छलफलका क्रममा बीमा कम्पनीहरूका प्रदेश तथा शाखा कार्यालयका प्रमुखहरूले बीमाशुल्क निर्धारण गर्न बीमा कम्पनीलाई स्वतन्त्र छोड्नुपर्ने, बीमासम्बन्धी नीति बनाउँदा फ्रन्ट डेस्कमा बस्ने कर्मचारी तथा अभिकर्तालाई पर्नसक्ने समस्याका बारेमा ध्यान दिनुपर्ने लगायतका विषयमा ध्यानाकर्षण गर्नुभएको थियो ।

## सर्लाहीको बरहथवा नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही असोज ३ गते प्रदेश नं. २ को सर्लाही जिल्लाको बरहथवा नगरपालिकाका बीमासम्बन्धी सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

कार्यक्रममा नगरपालिका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, नगरपालिकाका कर्मचारी, उद्योगी, व्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, शिक्षक, संचारकर्मी, कृषक र सर्वसाधारण गरी करिव १८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बरहथवा नगरपालिकाका प्रमुख देवानन्द महतोले बीमा दाबी भुक्तानीमा ढिलाई हुँदा बीमाप्रति जनताको विश्वास घट्दै जाने भएकाले

बीमा कम्पनीहरूले समयमै दाबी भुक्तानी गर्नुपर्ने बताउनुभयो । साथै, उहाँले भारतीय बीमा कम्पनीसँग बीमा गर्दा बीमा रकम डुब्ने र दाबी भुक्तानी पनि नहुने भएकाले नेपालका बीमा कम्पनीहरूमा मात्र बीमा गर्न नगरबासीहरूलाई आग्रह गर्नुभयो ।

बरहथवा नगरपालिकाका उपप्रमुख सीतादेवी माझीले महिलाहरूलाई प्राथमिकताका साथ बीमाको दायरामा ल्याउन नगरपालिकाले आवश्यक प्रक्रिया अगाडि बढाउने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक दिनेश कुमार लालले मैथिली भाषामा बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको महत्व, बीमा गर्ने तरिका, बीमाबाट हुने फाइदा, दाबी भुक्तानी प्रक्रिया लगायतका विषयमा जानकारी दिनुभएको थियो । उहाँले बीमा कम्पनीहरूबाट समयमा नै दाबी भुक्तानी नपाएमा बीमा समितिमा उजूरी गर्न पनि आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले जीवन बीमा गराउने बीमा अभिकर्ताहरूलाई बीमितिको बीमा नबीकरण र दाबी भुक्तानीको अवधिसम्म पनि जिम्मेवार बनाउनुपर्ने, बीमा कम्पनीले जनताको घरदैलोमा पुगेर बीमा गराए जस्तै दाबी भुक्तानी पनि घरदैलोमा नै गएर गर्ने ब्यवस्था गर्नुपर्ने, दुर्गम क्षेत्रका न्यून आय भएका जनताको बीमा गर्नका लागि विशेष ध्यान दिनुपर्ने, बीमितहरूले बीमालेखको धितोमा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिन पाउने ब्यवस्था गर्नुपर्ने, लघुवित्त कम्पनीहरूसँगको समन्वयमा लघुबीमा संचालन गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा अतिथि लगायत सहभागीहरूको स्वागत बीमा समितिका सहायक निर्देशक हृदयश्वर पण्डितले र कार्यक्रम संचालन समितिका सहायक निर्देशक पूर्णबहादुर थापाले गर्नुभएको थियो ।

कार्यक्रममा दी ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेडका सहायक प्रमुख कार्यकारी अधिकृत राधिका मुथु ढंडकुमारका पनि उपस्थिति थियो ।

◆◆◆

## काठमाडौंको बूढानीलकण्ठमा
## बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही असोज १ गते बागमती प्रदेशको काठमाडौं जिल्लाको बूढानीलकण्ठ




कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा बूढानीलकण्ठ नगरपालिकाका प्रमुख,उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, नगरपालिकाका कर्मचारी, जिल्ला पशुसेवा कार्यालयका उपमहानिर्देशक, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, शिक्षक, कर्मचारी र अन्य सरोकारवालाहरू गरी करिब ८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बूढानीलकण्ठ नगरपालिकाका प्रमुख उद्धवप्रसाद खरेलले नगरक्षेत्रमा

बीमाको विकास एवम् विस्तारका लागि बीमा समितिसँग सहकार्य गर्न नगरपालिका तत्पर रहेको बताउनुभयो ।

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको महत्व, बीमाबाट हुने फाइदा, बीमा क्षेत्रमा देखिएका समस्या र समाधान उपाय, बीमाको पहुँच विस्तारमा स्थानीय तहले खेल्नुपर्ने भूमिकाका बारेमा चर्चा गर्नुभएको थियो ।

## हेटौंडामा बीमासम्बन्धी अन्तरक्रिया कार्यक्रम

बीमा समितिले स्थानीय तहमा अभियानका रूपमा अगाडि बढाएको ‘स्थानीय तहसँग बीमा समिति’ कार्यक्रम अन्तर्गत बागमती प्रदेशको मकवानपुर जिल्लाको हेटौंडा उपमहागरपालिकामा यही असोज ५ गते बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । बीमा समितिको आयोजनामा भएको कार्यक्रममा हेटौंडा



कार्यक्रममा बीमाका बारेमा जानकारी दिनुहुँदै बीमा समितिका उपनिर्देशक केशव प्रसाद दाहाल।

उपमहानगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, उद्योग वाणिज्य सङ्घ, हेटौंडाका अध्यक्ष, यातायात व्यवसायी, बैङ्क, वित्तीय संस्था तथा बीमा कम्पनीका प्रतिनिधि, प्राविधिक, व्यवसायिक गाई, बाख्रा र कुखुरापालक कृषक, सर्वसाधारण र अन्य

सरोकारवालाहरू गरी करिब ८५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि हेटौंडाउपमहानगरपालिकाका प्रमुख हरिबहादुर महतले कुनै पनि बेला आइपर्ने विपत्तिबाट घर, सम्पत्तिमा हुने क्षतिबाट हुने हानी नोक्सानी विरुद्ध आर्थिक सुरक्षा सुनिश्चित गर्नका लागि नगरक्षेत्रका घर, सम्पत्तिको बीमालाई अनिवार्य गर्न प्रक्रिया अगाडि बढाइने बताउनुभयो ।

उहाँले नगरबासीका घर र सम्पत्तिको हानी नोक्सानी विरुद्ध आर्थिक सुरक्षाका लागि घरको नक्सा पास गर्ने वा घर बहाल कर तिर्ने समयमा नै अनिवार्यरूपमा घरको र सम्पत्तिको बीमा गर्नुपर्ने प्रस्ताव आगामी नगरसभामा प्रस्तुत गर्ने जानकारी दिनुभयो ।

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै नगरभित्रका घर तथा सम्पत्तिमा विपत्तिका कारण हुने क्षतिको न्यूनीकरणका लागि घर तथा सम्पत्ति बीमालाई अनिवार्य गर्नका लागि आवश्यक व्यवस्था गर्न आग्रह गर्नुभयो । साथै, उहाँले घर तथा सम्पत्ति बीमाको कार्यान्वयनका लागि आवश्यक सहयोग गर्न बीमा समिति तयार रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले कतिपय बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न नमान्ने गरेको, कृषि तथा पशुपन्छी बीमा भुक्तानी प्रक्रिया झन्झटिलो भएको र दाबी भुक्तानीमा ढिला हुने गरेको, बीमालेखमा पनि समस्या रहेको, कोरोना बीमाको दाबी

भुक्तानी अझैसम्म पाउन नसकेको लगायतका गुनासाहरू गर्नुभएको थियो ।

कार्यक्रममा उठेका प्रश्नहरूको जवाफ दिनुहुँदै बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमा दाबी भुक्तानीमा हुने गरेको ढिलासुस्ती लगायतका समस्याहरूको समाधानका लागि बीमा समिति लागिरहेको र यस्ता समस्याहरू छिट्टै समाधान हुने बताउनुभयो ।

हेटौंडा उद्योग वाणिज्य सङ्घको सभाहलमा भएको कार्यक्रमको संचालन बीमा समितिका उपनिर्देशक केशवप्रसाद दाहालले र अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम टेकराज पाण्डेले गर्नुभएको थियो । ◆◆◆

## थाहा नगरपालिकामा बीमा सचेतना कार्यक्रम

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही असोज ७ गते बागमती प्रदेशको मकवानपुर जिल्लाको थाहा नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा थाहा नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, बीमा कम्पनीका शाखा प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषक, शिक्षक र अन्य सरोकारवालाहरू गरी करिव ८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि थाहा नगरपालिकाका प्रमुख लवशेर विष्टले नगरपालिकामा घर, सम्पत्तिको बीमालाई अनिवार्य गर्नका लागि घरको नक्सा पास वा घर बहाल कर तिर्ने समयमा बीमा गर्नुपर्ने व्यवस्था कार्यान्वयनका लागि 'फोकल पर्सन' समेत तोक्न लागिएको जानकारी दिनुभयो ।

साथै, उहाँले घर तथा सम्पत्तिको बीमाबाट नगरवासीको घर तथा सम्पत्तिको आर्थिक सुरक्षा हुनुका साथै विपत्तिका कारण घर तथा सम्पत्तिमा हुने क्षतिका कारण नगरपालिकालाई पर्ने आर्थिक बोझ समेत कम गर्न मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै नगरपालिकाभित्रका घर तथा सम्पत्तिमा हुनसक्ने हानी नोक्सानीबाट हुने आर्थिक क्षति न्यून गर्नका लागि घर तथा सम्पत्ति बीमालाई अनिवार्य गर्न नगरपालिकासँग आग्रह गर्नुभयो । साथै, उहाँले नगरपालिकामा बीमा कार्यक्रमलाई प्रभावकारीरूपमा अगाडि बढाउनका लागि आवश्यक सहयोग गर्न बीमा समिति तत्पर रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानी प्रक्रियालाई सरल पार्न र दाबी भुक्तानीलाई छिटो छरितो तुल्याउन, नगरपालिकामा कृषि तथा पशुपन्छी बीमा गर्ने बीमा कम्पनीका शाखा स्थापना गर्न र बीमा सचेतना कार्यक्रमलाई निरन्तरता दिन आग्रह गर्नुभएको थियो ।

कार्यक्रमको संचालन बीमा समितिका उपनिर्देशक केशवप्रसाद दाहालले र अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम टेकराज पाण्डेले गर्नुभएको थियो । ◆◆◆

## कैलालीका गौरीङ्गा र टीकापुर नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

देशका स्थानीय तहहरूमा बीमा सचेतना कार्यक्रमलाई अभियानका रूपमा संचालन गर्ने क्रममा सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाका गौरीगङ्गा तथा टीकापुर नगरपालिका र धनगढी उपमहानगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम



कार्यक्रममा बीमाका बारेमा जानकारी दिनुहुँदै बीमा समितिका उपनिर्देशक विरोध भट्ट ।

सम्पन्न भएको छ । बीमा समितिको आयोजनामा यही भदौ २० गते गौरीगङ्गा नगरपालिकामा भएको कार्यक्रममा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, जिल्ला उद्योग वाणिज्य सङ्घ र बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, कृषि तथा पशु प्राविधिक, शिक्षक, संचारकर्मी र अन्य सरोकारवाला गरी करिब ६१ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि गौरीगङ्गा नगरपालिकाका प्रमुख भीमबहादुर देउवाले नगरपालिकामा घर, भवन, व्यवसाय लगायतका सम्पत्तिको बीमालाई अनिवार्य गर्न नगरपालिका तयार रहेको बताउनुभयो ।

बीमा समितिका उपनिर्देशक विरोध भट्टले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बाढी, पहिरो, आगलागी लगायतका विपत्तिका कारण बालीनाली, पशुपन्छी, घर, भवन लगायतका सम्पत्तिको आर्थिक क्षति न्यूनीकरणका लागि बीमा हुने भएकाले नगरपालिकामा बीमालाई अनिवार्य गर्न आग्रह गर्नुभयो । साथै, उहाँले बीमाको दाबी भुक्तानी नपाएमा वा बीम सम्बन्धी अन्य कुनै समस्या भएमा बीमा समितिलाई जानकारी गराउन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमाका बारेमा राम्रो जानकारी पाउन नसकेको, कृषि बीमाको दाबी रकम पाउन ढिलाई भएको, बीमा अभिकर्ताले अपूरो र गलत कुराहरू गरेर बीमा गराउने गरेका कारण समस्या परेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रमको संचालन बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँले गर्नुभएको थियो ।

यसैगरी, बीमा समितिको आयोजना यही भदौ २३ गते कैलालीको टीकापुर नगरपालिकामा स्थानीय तहका पदाधिकारी तथा सरोरवालाहरूसँग बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

टीकापुर नगरपालिकाका प्रमुख तपेन्द्रबहादुर रावलको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा नगरपालिकाका उपप्रमुख केसरीकुमारी रावल, वडा अध्यक्ष तथा सदस्य, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, शिक्षक, कृषि तथा पशु प्राविधिक, किसान, सर्वसाधारण गरी करिब ८८ जनाको सहभागिता रहेको थियो ।



टीकापुरमा आयोजित कार्यक्रममा सहभागी प्रमुख अतिथि तथा अतिथिहरु।

कार्यक्रममा प्रमुख अतिथि टीकापुर नगरपालिकाका प्रमुख तपेन्द्रबहादुर रावलले नगरबासीहरूलाई सेवा प्रवाहका क्रममा नै बीमालाई पनि अनिवार्य गर्नेतर्फ नगरपालिका अग्रसर रहेको बताउनुभयो ।

बीमा समितिका उपनिर्देशक विरोध भट्टले बीमा सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै जीवन बीमाका साथै कृषि तथा पशुपन्छी, भवन, घर, मोटर, ब्यवसायको बीमा गर्दा हुने फाइदा, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया लगायतका बारेमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमाको दाबी भुक्तानी पाउनका लागि काठमाडौंसम्म धाउनुपर्ने बाध्यताको अन्त्यका लागि बीमा कम्पनीहरूले जिल्ला तथा प्रदेश कार्यालयहरूलाई अधिकार प्रत्यायोजन गर्नुपर्ने, बीमा कम्पनीहरूले पनि बीमा सचेतना कार्यक्रम निरन्तर संचालन गर्नुपर्ने, गलत र अपूरो जानकारी दिएर बीमा गराउने बीमा अभिकर्ताहरूलाई कारवाही गर्नुपर्ने, कृषि तथा पशुपन्छी बीमालाई अनिवार्य गर्न जोड दिनुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

◆◆◆

## कैलालीको धनगढी उपमहानगरपालिकामा बीमा सचेतना कार्यक्रम

बीमासम्बन्धी जनचेतना अभिवृद्धि कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाउने क्रममा सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाको धनगढी उपमहानगरपालिकामा यही भदौ २५ गते बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा बीमाका बारेमा जानकारी दिनुहुँदै बीमा समितिका उपनिर्देशक विरोध भट्ट ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा उपमहानगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, जिल्ला उद्योग वाणिज्य सङ्घ र बीमा कम्पनीका प्रदेश तथा शाखा कार्यालयका प्रमुख, कृषि तथा पशु प्राविधिक, शिक्षक, संचारकर्मी र सर्वसाधारण गरी करिव ८५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि धनगढी उपमहानगरपालिकाका प्रमुख नृप बडले विपद्‌बाट हुने क्षतिको आर्थिक नोक्सानीलाई कम गर्नका लागि बीमा महत्वपूर्ण हुने भएकाले बीमाको पहुँच विस्तारमा आफूले सक्दो पहल गर्ने बताउनुभयो ।

उपमहानगरपालिकाका उपप्रमुख सुशीला भट्टले नगरक्षेत्रमा बीमाको पहुँच विस्तारका लागि सहकार्य गर्न उपमहानगरपालिका तयार रहेको जानकारी दिनुभयो ।

बीमा समितिका कार्यकारी निर्देशक राजुरमण पौडेलले बीमितिहरूलाई स्थानीयस्तरमै बीमाको दाबीको रकम उपलब्ध गराउन बीमा कम्पनीहरूले प्रदेश तथा जिल्ला शाखा कार्यालयहरूलाई अधिकार प्रत्योजन गर्नुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यकारी निर्देशक पौडेलले बीमाले भविष्यमा आइपर्ने विपद्बाट हुने क्षतिका कारण हुने आर्थिक हानी नोक्सानीलाई कम गर्ने भएकाले अनिवार्यरूपले सबैले अनिवार्यरूपमा बीमा गर्नुपर्ने व्यवस्था लागू गर्न उपमहानगरपालिकालाई आग्रह गर्नुभयो ।

उहाँले चालू आर्थिक वर्षमा मुलुकको कूल जनसङ्ख्याको एक तिहाईमा बीमाको पहुँच पुर्‍याउने सरकारको लक्ष्य हासिल गर्नका लागि बीमा समितिले बीमा सचेतना कार्यक्रमलाई देशव्यापीरूपमा संचालन गर्दै आएको जानकारी दिनुभयो ।

बीमा समितिका उपनिर्देशक विरोध भट्टले बीमा गर्न वा दाबी भुक्तानी पाउन कुनै समस्या परेमा बीमा समितिमा फोन वा इमेलमार्फत जानकारी गराउन आग्रह गर्नुहुँदै समितिमा प्राप्त हुने गुनासाहरूलाई यथाशीघ्र सम्बोधन गरिने बताउनुभयो ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमालाई अनिवार्य गर्न, बीमा दाबी भुक्तानीलाई सहज र सरल तुल्याउन, कोरोना बीमाको भुक्तानी यथाशीघ्र गर्न, तेस्रो पक्ष बीमाको रकम बढाउन, बीमा कम्पनीहरूले संस्थागत सामाजिक दायित्व अन्तर्गत पालिकास्तरमा बीमा सचेतना कार्यक्रम गर्नुपर्ने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

कार्यक्रको संचालन समितिका सहायक निर्देशक निश्चलराज बानियाँले गर्नुभएको थियो ।

कार्यक्रममा बीमक सङ्घका महासचिव चङ्की पाण्डे र जीवन बीमक सङ्घका प्रतिनिधि नारायणकुमार भट्टराई पनि उपस्थित हुनुहुन्थ्यो ।

♦♦♦

## कञ्चनपुरको बैलौरीमा बीमा सचेतना कार्यक्रम

बीमा समितिको आयोजनामा यही भदौ २१ गते सुदूरपश्चिम प्रदेशको कञ्चनपुर जिल्लाको बेलौरी नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बेलौरी नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, संचारकर्मी, किसान र सर्वसाधारण गरी करिब ७३ जनाको सहभागिता रहेको थियो ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

कार्यक्रममा प्रमुख अतिथि बेलौरी नगरपालिकाका प्रमुख पोतिलाल चौधरीले विपद्बाट हुने क्षतिका

कारण हुने आर्थिक हानी नोक्सानीलाई कम गर्नका लागि बीमालाई अनिवार्य गर्न ठोस कार्यक्रम ल्याउने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा सचेतना कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्ने, बीमा दाबी भुक्तानी छिटो हुनुपर्ने, कृषि तथा पशुपन्छी बीमालाई अनिवार्य गर्नुपर्ने, स्थानीयस्तरमै दाबी भुक्तानी पाउने व्यवस्था गर्नुपर्ने, सवारी साधनको तेस्रो पक्ष बीमा रकम बढाउनुपर्ने लगायतका विचार व्यक्त गर्नुभएको थियो ।

बीमा समितिका उपनिर्देशक विरोध भट्टले बीमाको पहुँच बढाउनका लागि समितिले बीमा सचेतना कार्यक्रमलाई अभियानकैरूपमा अगाडि बढाउँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रमको संचालन बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँले गर्नुभएको थियो ।

◆◆◆

## डँडेलधुराको अमरगढीमा बीमा सचेतना कार्यक्रम

बीमा समितिद्वारा बीमा सम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले सुदूरपश्चिम प्रदेशको डँडेलधुराको अमरगढी नगरपालिकामा बीमा सचेतना कार्यक्रम आयोजना गरिएको छ ।

गत भदौ २७ गते आयोजित कार्यक्रममा अमरगढी नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, उद्योगी व्यवसायी, शिक्षक, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, भेटेनरी अस्पतालका प्रतिनिधि, संचारकर्मी, कृषक र सर्वसाधारण गरी करिव ८१ जनाको सहभागिता रहेको थियो ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

कार्यक्रममा प्रमुख अतिथि अमरगढी नगरपालिकाका प्रमुख विश्वेश्वर प्रसाद ओझाले बीमाले विपद्का कारण आइपर्ने क्षतिको आर्थिक सुरक्षा गर्नुका साथै मानिसमा बचत गर्ने बानी समेत बसाल्ने भएकाले सबैले बीमा गर्नुपर्ने बताउनुभयो । साथै, उहाँले बीमा कम्पनीहरूले बीमा दाबी भुक्तानी दिन ढिला गर्ने गरेको उल्लेख गर्नुहुँदै त्यसतर्फ बीमा समितिको ध्यानाकर्षण गर्नुभयो ।

अमरगढी नगरपालिकाका उपप्रमुख सङ्गिता भण्डारीले बीमाको पहुँच विस्तारका लागि बीमासम्बन्धी जनेतनामूलक कार्यक्रमहरू निरन्तर संचालन हुनुपर्ने बताउनुभयो ।

बीमा समितिका उपनिर्देशक विरोध भट्टले नगरपालिकाले सेवा प्रवाहका क्रममा नै घर, व्यवसाय लगायतको बीमा अनिवार्यरूपमा गर्नुपर्ने व्यवस्था गरेमा विपद्बाट हुने क्षतिका कारण हुने आर्थिक नोक्सानीलाई कम गर्न सकिने भएकाले त्यसतर्फ ध्यान दिन नगरपालिकालाई आग्रह गर्नुभयो ।

कार्यक्रमको संचालन बीमा समितिका सहायक प्रथम अनुराग पाण्डेले गर्नुभएको थियो ।

◆◆◆

## हेटौंडाका बाख्रा फार्म र प्याकेजिङ्ग उद्योगको अनुगमन

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदी नेतृत्वको टोलीले यही असोज ६ गते मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिकाको बसामाडीस्थित सिमलथली उन्नत बाख्रा उत्पादन फार्मको स्थलगत अनुगमन गरेको छ ।

फर्ममा बोयर जातका करिब २५० वटा बाख्रा पालिएको र फार्मको बीमा शिखर इन्स्योरेन्समा गरेको अनुगमनबाट देखिएको छ ।

अनुगमनका क्रममा कृषकहरूसँग बीमा गर्दा वा दाबी भुक्तानी प्राप्त गर्दा समस्या परे नपरेको बारेमा जिज्ञासा राख्दा उहाँहरूले बोयर पाठाको बीमा अवधि एक वर्षको हुने तर छदेखि आठ महिनामै पाठाको तौल बढ्ने भएकाले तौल अनुसारको मूल्य कम भई बीमा दाबीमा समस्या परेको जानकारी दिनुभयो ।

यसैगरी, टोलीले हेटौंडा औद्योगिक क्षेत्रभित्र रहेको प्याकेजिङ्ग उद्योगको पनि अनुगमन गरेको छ । उक्त प्याकेजिङ् उद्योगको बीमा सानिमा जनरल इन्स्योरेन्समा गरेको र बीमा सम्बन्धमा कुनै समस्या नरहेको जानकारी उद्योग संचालकहरूबाट प्राप्त भएको थियो । ◆◆◆

## हेटौंडाका कुखुरापालक व्यवसायीसँग अन्तरक्रिया

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदी नेतृत्वको टोलीले यही असोज ६ गते मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरपालिमा व्यवसायिकरूपमा कुखुरापालन गर्दै आएका कृषहरूसँग कुखुरा बीमाका बारेमा छलफल गरेको छ ।

छलफलमा कुखुरापालक कृषकहरूले कुखुरा बीमामालेख संशोधन गर्नु पर्ने आवश्यकता औंल्याउँदै बर्डफ्लूका कारण कुखुरा मरेमा त्यसको क्षतिपूर्ति एकद्वार प्रणालीबाट पाउने व्यवस्था मिलाउन आग्रह गर्नुभयो ।

छलफलमा कुखुरापालक कृषकका साथै विभिन्न बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

## हेटौंडास्थित बीमा कम्पनीका शाखा प्रमुखहरूसँग अन्तरक्रिया

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदी नेतृत्वको टोली र मकवानपुर जिल्लाको हेटौंडामा रहेका विभिन्न बीमा कम्पनीका शाखा प्रमुखहरूबीच अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

यही असोज ६ गते भएको कार्यक्रममा बीमा कम्पनीका शाखा कार्यालयका कर्मचारीहरूले भोग्नुपरेका समस्याका बारेमा छलफल भएको थियो ।

त्यस अवसरमा बीमा कम्पनीका कर्मचारीहरूबाट सीमित दाबी भुक्तानीको अधिकार शाखा कार्यालयहरूलाई दिनुपर्ने धारणा राखिएको थियो ।

कार्यक्रममा बीमा कम्पनीका शाखा प्रमुखहरूले हेटौंडामा नेपाल इन्स्योरेन्स प्रोफेशनल सोसाइटी ⟨लक्षएक० गठन गरी सबै बीमा कम्पनीहरूबीच भाइचाराको सम्बन्ध स्थापित गरेको जानकारी दिनुभएको थियो । ◆◆◆

## दाङको लमही नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही कात्तिक १० गते प्रदेश नं. ५ को दाङ जिल्लाको लमही नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा लमही नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, उद्योगी व्यवसायी, शिक्षक, बीमा अभिकर्ता, कृषक र सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममा लमही नगरपालिकाका प्रमुख कुलबहादुर खत्री क्षेत्रीले बीमासम्बन्धी नीति बनाएर तथा नगरपालिकामा बीमा फोकल पर्सन समेत तोकेर बीमा अनिवार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

उहाँले नगरपालिकमा एकजना फोकल पर्सन तोकेर बीमा कार्यक्रमलाई अगाडि बढाउने जानकारी दिनुभयो ।

नगरपालिकाका उपप्रमुख देवका बेल्बासेले बीमाको पहुँच विस्तारका लागि बीमा सचेतना कार्यक्रम वडास्तरमा संचालन गर्न आवश्यक रहेकाले त्यसमा सहयोग गर्न बीमा समितिलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी जानकारीमूलक कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानीको प्रक्रिया, बीमाको पहुँच विस्तारका लागि नगरपालिकाको भूमिका लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

साथै, उहाँले नगरपालिकामा घरजग्गाको कर, बहाल कर लगायतका कार्यका लागि आउने नगरबासीले अनिवार्यरूपमा घर, भवन, व्यवसाय लगायतका सम्पत्तीको बीमा गर्नुपर्ने व्यवस्था गरेमा विपद्का कारण हुने हानी नोक्सानीबाट आइपर्ने आर्थिक क्षति न्यून हुने बताउनुभयो ।

निर्देशक सुवेदीले बीमा कम्पनी वा अनुमतिप्राप्त बीमा अभिकर्तासँग मात्र बीमा गर्न र बीमा गर्दा कुनै समस्या परेमा वा दाबी भुक्तानी समयमा नपाएमा बीमा समितिमा उजूरी दिन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले व्यक्तिगत घरको बीमा गर्नका लागि नगरपालिकाबाट अनुदानको व्यवस्था हुनुपर्ने, बीमासम्बन्धी सही जानकारी पाउन नगरपालिकामा बीमा फोकल पर्सन तोकिनुपर्ने, बीमा अभिकर्ताका कामको निरन्तर निगरानी गर्नुपर्ने, बीमा कम्पनीले स्थानीस्तरमै दाबी भुक्तानी दिने व्यवस्था गर्नुपर्ने, बीमा सचेतना कार्यक्रम गाउँ गाउँमा संचालन गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

बीमा समितिका उपनिर्देशक कुन्दन सापकोटाले संचालन गर्नुभएको उक्त कार्यक्रममा अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम सुन्दरप्रसाद शर्माले गर्नुभएको थियो ।

◆◆◆

## दाङको गढवा गाउँपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही कात्तिक ११ गते प्रदेश नं. ५ को दाङ जिल्लाको गढवा गाउँपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा गढवा गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषि प्राविधिक, बीमा अभिकर्ता, अगुवा कृषक, संचारकर्मी, महिला र सर्वसाधारण गरी करिब ८४ जनाको सहभागिता रहेको थियो ।



कार्यक्रममा सहभागीहरू ।

कार्यक्रममा प्रमुख अतिथि गढवा गाउँपालिकाका उपाध्यक्ष शान्ती चौधरीले गाउँपालिकाले नीतिगत व्यवस्था गरेर बीमा पहुँच विस्तारमा जोड दिने बताउनुभयो । बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी जानकारीमूलक कार्यक्रम प्रस्तुत गर्नुहुँदै बीमाको परिचय, बीमाको महत्व एवम् आवश्यकता, बीम गर्ने विधि, बीमा दाबी भुक्तानी प्रक्रिया र बीमाको विकास तथा विस्तारका लागि स्थानीय तहको भूमिका लगायतका विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बजार मूल्य अनुसार पशुपन्छी बीमाको बीमाङ्क कायम गर्न, अनुत्पादक पशु (थारो गाई, भैंसी) को समेत बीमा गर्न पाउने व्यवस्था गर्न, बीमा कम्पनीहरूले स्थानीय शाखा कार्यालयबाट नै बीमा दाबी भुक्तानी दिने व्यवस्था गर्न, गाउँघर मै बाली बीमा गर्न पाउने व्यवस्था मिलाउन र दाबी भुक्तानी प्रक्रियालाई सरल र सहज तुल्याउन आग्रह गर्नुभयो ।

बीमा समितिका उपनिर्देशक कुन्दन सापकोटाले संचालन गर्नुभएको उक्त कार्यक्रममा अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम सुन्दरप्रसाद शर्माले गर्नुभएको थियो ।

गाउँपालिकाक
प्रदान गर्नुहुँदै

## प्यूठान जिल्लाको माण्डवी गाउँपालिकामा बीमा सचेतना कार्यक्रम

बीमा समितिको आयोजनामा यही कात्तिक १३ गते प्रदेश नं. ५ को प्यूठान जिल्लाको माण्डवी गाउँपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा माण्डवी गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्य, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, कृषि प्राविधिक, बीमा कम्पनीका शाखा प्रमुख, शिक्षक, बीमा अभिकर्ता, अगुवा कृषक, संचारकर्मी, महिला र सर्वसाधारण गरी करिब ६२ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा माण्डवी गाउँपालिकाका अध्यक्ष श्रीधर रोकाले गाउँपालिकाका हरेक वडामा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रम संचालनका लागि बीमासम्बन्धी जानकारीमूलक पुस्तिकाहरू उपलब्ध गराइदिन बीमा समितिलाई आग्रह गर्नुभयो ।



बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमासम्बन्धी जानकारीमूलक प्रस्तुती गर्नुहुँदै देशका दुर्गम क्षेत्रमा समेट बीमाको पहुँच विस्तार गर्ने लक्ष्यका साथ बीमासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमलाई समितिले अभियानका रूपमा अगाडि बढाएको बताउनुभयो ।

निर्देशक सुवेदीले न्यून आय भएका व्यक्तिहरूलाई समेत ध्यानमा राखी लघुबीमा कार्यक्रमलाई प्रभावकारीरूपले अगाडि बढाउने सन्दर्भमा आवश्यक गृहकार्य भइरहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले गाउँपालिकामा नै कृषि तथा पशुपन्छी बीमा गर्ने व्यवस्था मिलाउन, दाबी भुक्तानीलाई सरल र सहज तुल्याउन, लघुबीमा कार्यक्रमलाई प्रभावकारीरूपले विस्तार गर्न, बीमा कम्पनीले बीमालेख बिक्री गरेपछि बीमितसँग नियमितरूपले सम्पर्कमा रहनुपर्ने व्यवस्थामा कडाई गर्न, बीमालेख नविकरण गर्नुपर्ने समयका बारेमा बीमितलाई जानकारी गराउने व्यवस्था गर्न आग्रह गर्नुभएको थियो ।

बीमा समितिका उपनिर्देशक कुन्दन सापकोटाले संचालन गर्नुभएको उक्त कार्यक्रममा अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम सुन्दरप्रसाद शर्माले गर्नुभएको थियो ।

## प्यूठानको स्वर्गद्वारी नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा लुम्बिनी प्रदेशको प्यूठान जिल्लाको स्वगद्वारी नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

यही कात्तिक १२ भएको कार्यक्रममा स्वर्गद्वारी नगरपालिकाका जनप्रतिनिधि तथा कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, कृषि प्राविधिक, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, संचारकर्मी, महिला र सर्वसाधारण गरी करिब ७३ जनाको सहभागिता रहेको थियो ।



स्वर्गद्वारी नगरपालिकाका प्रमुख नेत्रबहादुर रोका क्षेत्रीलाई सम्झनाको चिन्हो प्रदान गर्नुहुँदै बीमा समितिका निर्देशक सुशील देव सुवेदी ।

कार्यक्रममा प्रमुख अतिथि स्वर्गद्वारी नगरपालिकाका प्रमुख नेत्रबहादुर रोका क्षेत्रीले नगरपालिकाले बीमासम्बन्धी नीतिगत व्यवस्था गरेर जीवन तथा निर्जीवन बीमालाई अनिवार्य गर्ने प्रतिवद्धता व्यक्त गर्नुहुँदै बीमासम्बन्धी नीति बनाउका लागि आवश्यक सहयोग गर्न बीमा समितिलाई आग्रह गर्नुभयो ।

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले बीमाको महत्व, आवश्यकता र फाइदाका बारेमा जानकारी दिनुहुँदै बिपद्का कारण घर, बालीनाली, पशुन्छी र ब्यवसायमा हुने हानी नोक्सानीबाट आइपर्ने आर्थिक क्षतिलाई बीमाले न्यून गर्ने भएकाले बीमालाई अनिवार्य गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले गाउँघरमा टुक्राटाक्री जग्गामा गरिने खेतीपानीको समेत बीमा गर्न पाउने ब्यवस्था गर्न, पशुबीमा प्राविधिकले पाउने कमिशन बृद्धि गर्न, बीमा अभिकर्ताले बीमा गराइसकेपछि पनि उनीहरू बीमितिले बीमा नबीकरण तथा दाबी भुक्तानी पाउने बेलासम्म जिम्मेवार बन्नुपर्ने ब्यवस्था गर्न र बीमा कम्पनीहरू बीमा गराउन गाउ घरमा गएर जस्तै दाबी भुक्तानी पनि सरल तरिकाले गाउँघरमै गएर दिनुपर्ने ब्यवस्था गर्न आग्रह गर्नुभयो ।

बीमा समितिका उपनिर्देशक कुन्दन सापकोटाले संचालन गर्नुभएको उक्त कार्यक्रममा अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम सुन्दरप्रसाद शर्माले गर्नुभएको थियो । ◆◆◆

## रोल्पा जिल्लाको रोल्पा नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही कात्तिक १४ गते लुम्बिनी प्रदेशको रोल्पा जिल्लाको रोल्पा नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा रोल्पा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य र कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, बैंक तथा वित्तीय संस्थाका कर्मचारी, अगुवा कृषक, संचारकर्मी, महिला, कृषि प्राविधिक र अन्य सरोकारवालाहरू गरी करिव ११६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि रोल्पा नगरपालिकाका प्रमुख पूर्ण के.सी. ले नगरपालिकाका सेवासँग आवद्ध गरेर बीमालाई अनिवार्य गर्ने पूतिवद्धता ब्यक्त गर्नुभयो ।

बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले घर, ब्यवसाय, पशुपन्छी र बालीनालीको बीमालाई अनिवार्य गरेमा विपद्का बेला हुने हानीनोक्सानीबाट आइपर्ने आर्थिक क्षतिलाई न्यून हुने बताउनुभयो । उहाँले देशका दुर्गम स्थानमा समेत बीमाको पहुँच विस्तार गर्नका लागि समितिले बीमा सचेतना कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाउँदै आएको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले कोरोना बीमाको दाबी भुक्तानी छिटो गर्ने ब्यवस्था गर्न, बीमा क्षेत्रमा देखिएको अस्वस्थ प्रतिस्पर्धा नियन्त्रण गर्न, शहरी क्षेत्रमा मात्र नभई गाउँ गाउँमा समेत बीमा सचेतना कार्यक्रमहरू संचालन गर्न, लघुबीमा कम्पनीहरूसँगको समन्वयमा लघुबीमालाई प्रभावकारी ढङ्गले अगाडि बढाउन र न्यून आय भएका जनतासम्म बीमाको पहुँच पुऱ्याउनका लागि विशेष ध्यान दिन सुझाव दिनुभयो ।

बीमा समितिका उपनिर्देशक कुन्दन सापकोटाले संचालन गर्नुभएको उक्त कार्यक्रममा अतिथि तथा सहभागीहरूको स्वागत समितिका सहायक प्रथम सुन्दरप्रसाद शर्माले गर्नुभएको थियो । ◆◆◆

## अर्घाखाँची जिल्लाको सन्धिखर्कमा बीमकका शाखा प्रमुखसँग अन्तरक्रिया

बीमा समितिको आयोजनामा यही कात्तिक १५ गते लुम्बिनी प्रदेशको अर्घाखाँची जिल्लाको सन्धिखर्कमा विभिन्न बीमा कम्पनीका शाखा कार्यालयका

प्रमुखहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमा समितिका निर्देशक सुशीलदेव सुवेदीले अर्घाखाँचीमा बीमाको पहुँच, कृषि तथा पशुपन्छी, घर तथा भवन र व्यवसाय बीमाको अवस्था, दाबी भुक्तानीको स्थिति, बीमकका शाखा कार्यालयले सामना गर्नु परिरहेका समस्या र समाधानका उपाय, बीमाप्रति स्थानीय वासिन्दाको धारणा, बीमा सचेतनाको अवस्था लगायतका बारेमा बीमकहरूबाट जानकारी लिनुभएको थियो ।

त्यस अवसरमा बीमकका शाखा प्रमुखहरूले विभिन्न बीमा कम्पनीहरूका शाखा कार्यालयमा कार्यरत कर्मचारीहरूको सुविधामा एकरूपता नभएको, शाखा विस्तारमा ढिलाई हुने गरेको, जनशक्तिका लागि तालिमको व्यवस्था नभएको र बीमादर कार्यान्वयनमा समस्या देखिएको अवगत गराउनुभएको थियो ।

त्यसको प्रत्युत्तरमा निर्देशक सुवेदीले बीमकका शाखा कार्यालयका कर्मचारीहरूलाई आवश्यक तालिम दिन समितिले बीमकहरूलाई निर्देशन दिएको, जिल्लाहरूमा शाखा कार्यालय विस्तारका लागि उत्प्रेरित गरेको र बीमादर कार्यान्वयमा कडाई गर्दै आएको जानकारी दिनुभयो । ◆◆◆

## रेडियो नेपाल, गोरखापत्र संस्थान र नेपाल टेलिभजनका अनलाइन पोर्टलमा बीमासम्बन्धी जनचेतनामूलक सामग्रीहरू प्रकाशन

बीमा समितिद्वारा तयार गरिएका बीमा सम्बन्धी जनचेतनामूलक सामग्री तथा सन्देशहरू रेडियो नेपालको अनलाइन पोर्टलमा नियमतिरूपमा प्रकाशन गर्न थालिएको छ ।

रेडियो नेपालको अनलाइन पोर्टलमा बीमासम्बन्धी जानकारीमूलक सन्देश तथा सामग्रीहरू नियमितरूपमा प्रकाशन गर्ने सम्बन्धमा बीमा समिति र रेडियो नेपालबीच यही कात्तिक २ गते ललितपुरको कुपण्डोलस्थित बीमा समितिको कार्यालयमा भएको सम्झौता भएको थियो ।

त्यससम्बन्धी सम्झौतापत्रमा बीमा समितिका निर्देशक कमल प्रसाद रेग्मी र रेडियो नेपालका कार्यकारी निर्देशक बुद्धिबहादुर केसीले हस्ताक्षर गर्नुभएको थियो ।

त्यस अवसरमा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेल तथा रेडियो नेपालका निर्देशक खगेन्द्र खत्री उपस्थित हुनुहुन्थ्यो ।

यसैगरी, बीमा समितिद्वारा तयार गरिएका बीमा सम्बन्धी जनचेतनामूलक सामग्री तथा सन्देशहरू गोरखापत्र संस्थानको अनलाइन पोर्टलमा पनि नियमतिरूपमा प्रकाशन शुरू भएको छ ।

त्यस सम्बन्धी सम्झौतापत्रमा यही कात्तिक ३ गते ललितपुरको कुपण्डोलस्थित बीमा समितिको कार्यालयमा बीमा समितिका निर्देशक दिनेश कुमार लाल र गोरखापत्र संस्थानका व्यापार विभागका निमित्त निर्देशक ओमप्रकाश भुसालले हस्ताक्षर गर्नुभएको थियो ।

त्यस अवसरमा बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवाल र कार्यकारी निर्देशक राजुरमण पौडेल तथा गोरखापत्र संस्थानका व्यापार विभाग अन्तर्गत व्यापार प्रवर्द्धन शाखा प्रमुख धर्मराज न्यापानेले तथा व्यापार अधिकृत दीपक पौडेल उपस्थित हुनुहुन्थ्यो ।

बीमा समितिका अध्यक्ष सूर्यप्रसाद सिलवालले बीमा सचेतना कार्यक्रमलाई प्राथमिकताका साथ देशव्यापीरूपमा संचालन गर्न जोड दिनुभए अनुसार अनलाइन संचार माध्यमबाट समेत बीमासम्बन्धी चेतनामूलक सामग्रीहरूको प्रकाशन शुरू गरिएको हो । सरकारले बीमाको दायर विस्तार गर्दै चालू आर्थिक वर्षमा देशको कूल जनसङ्ख्याको एक तिहाईलाई बीमाको दायरामा ल्याउने लक्ष्य राखेको छ ।

सरकारको सोही लक्ष्यलाई ध्यानमा राखी बीमाको पहुँच बढाउँदै देशका विभिन्न भागमा बसोवास गर्ने विपन्न, न्यून आय भएका तथा जोखिमयुक्त वर्गलाई समेत बीमाको दायरामा ल्याउन प्रतिवद्ध रहेको समितिले जनाएको छ ।

यसैगरी, नेपाल टेलिभिजनको अनलाइन पोर्टलमा बीमासम्बन्धी जानकारीमूलक सन्देश तथा सामग्रीहरू नियमितरूपमा प्रकाशन गर्ने सम्बन्धमा बीमा समिति र नेपाल टेलिभिजनबीच पनि सम्झौता भएको छ ।

देशमा हाल १९ वटा जीवन बीमा कम्पनी, २० वटा निर्जीवन बीमा कम्पनी र २ वटा पुनर्बीमा कम्पनी संचालनमा रहेका छन् । ◆◆◆

## बीमा सर्भेयर तालिम जारी

बीमा समितिले बीमा क्षेत्रका लागि आवश्यक सङ्ख्यामा बीमा सर्भेयर उपलब्ध गराउने उद्देश्यले चरणवद्धरूपमा शुरू गरेको बीमा सर्भेयरको आधारभूत तालिम कार्यक्रम जारी रहेको छ ।

जस अनुसार, मिति २०७८ भदौ १० गतेदेखि शुरू भई यही कात्तिक मसान्तसम्म गरी नौ चरणमा संचालन भएको तालिममा ६८० जनाको सहभागिता रहेको थियो । समितिले बीमा सर्भेयरको तालिममा सहभागिताका लागि दरखास्त आहवान गरे अनुसार जम्मा ११६८ जनाको आवेदन परेको थियो ।

आवेदनहरूमध्येबाट ँष्चकत ऋयकभ ँष्चकत एचष्यचष्तथ का आधारमा काठमाडौंको नक्सालस्थित इन्सुरेन्स इन्ष्टिच्युट नेपालमा चरणवद्धरूपमा तालिम संचालन गरिएको हो ।

आवेदकहरूमध्ये तालिम दिन बाँकी रहेका ४८८ जनाका लागि पनि चरणवद्धरूपमा तालिम संचालन गर्ने कार्यक्रम रहेको छ । ◆◆◆

## पाँचथरको फिदिम नगरपालिकामा बीमा सचेतना कार्यक्रम

बीमा समितिको आयोजनामा यही कात्तिक १० गते प्रदेश नं. १ स्थित पाँचथर जिल्लाको फिदिम नगरपालिकामा बीमासम्बन्धी सचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा फिदिम नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, कृषि प्राविधिक, महिला र सर्वसाधारणको उपस्थिति रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि फिदिम नगरपालिकाका प्रमुख ओनाहाङ्ग नेम्वाङ्गले नगरपालिकामा बाली तथा पशुपन्छी, घर सम्पत्ति र लघुबीमालाई प्रभावकारीरूपले अगाडि बढाउन नगरकार्यपालिकाको बैठकबाट नै निर्णय गरी अघि बढ्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

फिदिम नगरपालिकाका उपप्रमुख उर्मिला प्रधान श्रेष्ठले बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि बीमा सचेतना कार्यक्रम आयोजना गरेकोमा बीमा समितिप्रति आभार प्रकट गर्नुहुँदै बीमाको पहुँच विस्तारका लागि यस्ता कार्यक्रम महत्वपूर्ण सावित हुने विश्वास व्यक्त गर्नुभयो ।

बीमा समितिका उपनिर्देशक पुनम ज्ञवाली श्रेष्ठले बीमाको महत्व, बीमा गर्ने तरीका, दाबी भुक्तानी प्रक्रिया र बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिकाका बारेमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले कृषि तथा पशुपन्छी बीमाको दाबी भुक्तानी प्रक्रियालाई सरल बनाउनुपर्ने, विना झन्झट दाबी भुक्तानी पाउनुपर्ने, कृषि तथा पशुपन्छी बीमालेखमा व्यवहारिक कुराहरूलाई पनि समेटिनुपर्ने, स्थानीय तहसँगको सहकार्यमा बीमा व्यवसाय विस्तार गर्नुपर्ने र बीमा सचेतना कार्यक्रम वडा वडामा आयोजना गर्नुपर्ने विचार व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पाँचथर जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष दीपक नेपाल समेत उपस्थित हुनुहुन्थ्यो ।

कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक निर्देशक विनोद कुमार पोखरेलले तथा कार्यक्रम संचालन सहायक प्रथम टेकराज पाण्डेयले गर्नुभएको थियो ।

◆◆◆

## ताप्लेजुङ्गको फुङलिङ नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

बीमासम्बन्धी जनेतना अभिवृद्धि गर्ने उद्देश्यले यही कात्तिक १३ गते प्रदेश नं. १ स्थित ताप्लेजुङ्ग जिल्लाको फुङलिङ नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा सहभागीहरु

कार्यक्रममा फुङलिङ नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, नगरपालिकाका कर्मचारी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका जिल्लास्थित कर्मचारी, कृषि प्राविधक, बीमा अभिकर्ता, अगुवा कृषक, महिला र सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि फुङलिङ नगरपालिकाका प्रमुख छत्रपति प्याकुरेलले बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजनाबाट स्थानीय बासिन्दाले बीमाको महत्वबारे जानकारी पाउने र उनीहरू स्वतःस्फूर्तरूपमा बीमा गर्न अग्रसर हुने बताउनुभयो । साथै, उहाँले सबै नगरबासीमा बीमाको पहुँच विस्तारका लागि नगरपालिका ठोस नीति तथा कार्यक्रमका साथ अगाडि बढ्ने जानकारी दिनुभयो ।

फुङलिङ नगरपालिकाका उपप्रमुख बमबहादुर भट्टराई (तारा) ले बीमाबाट विपद्का बेला हुने जनधनको हानी नोक्सानीबाट पुग्ने आर्थिक क्षतिको न्यूनीकरण हुने भएकाले आफू र आफ्ना परिवारका सदस्यका साथै कृषि बाली, पशुपन्छी, घर, भवन र सम्पत्तिको बीमा गर्न आग्रह गर्नभयो ।

बीमा समितिका उपनिर्देशक पुन ज्ञवाली श्रेष्ठले बीमाका समग्र विषयमा जानकारी दिनुहुँदै

नगरपालिकाको सेवा प्रवाहसँग आवद्ध गरेर बीमालाई अभियानकै रूपमा अगाडि बढाउन आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरूले निर्जीवन बीमा कम्पनीहरूले कृषि तथा पशुन्छी बीमा गर्न आनाकानी गर्ने गरेको, दाबी भुक्तानीमा पनि ढिलाई हुने गरेको, पशु तथा बाख्राको बीमाङ्क रकम कायम गर्न समस्या पर्ने गरेको लगायतका गुनासा गर्नुभएको थियो ।

ताप्लेजुङ्ग जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष तारानाथ घिमिरेको समेत उपस्थिति रहेको कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक निर्देशक विनोद कुमार पोखरेलले र कार्यक्रम संचालन सहायक प्रथम टेकराज पाण्डेयले गर्नुभएको थियो ।

◆◆◆

## इलाम नगरपालिकामा बीमा सचेतना कार्यक्रम

स्थानीय तहमा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रम अभियानका रूपमा संचालन गर्ने क्रममा



कार्यक्रममा सहभागीहरु।

यही कात्तिक १५ गते प्रदेश नं. १ को इलाम जिल्लाको इलाम नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा इलाम नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्का पदाधिकारी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, अगुवा कृषक, बीमा अभिकर्ता, कृषि प्राविधिक, महिला र सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि इलाम नगरपालिकाका प्रमुख महेश बस्नेतले बीमाप्रतिको जनविश्वास बढाउनका लागि सरल प्रक्रियाबाट तोकिएकै समयमा बीमाको दाबी भुक्तानी दिनुपर्ने बताउनुभयो । उहाँले बीमाको पहुँच विस्तारका लागि आवश्यक सहयोग गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

इलाम नगरपालिकाका उपप्रमुख सुशिला नेम्वाङ्ग, नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत कालीबहादुर भुजेल र इलाम जिल्ला उद्योग वाणिज्य सङ्घका अध्यक्ष ईश्वर चिपालुको समेत उपस्थिति रहेको कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक प्रथम टेकराज पाण्डेयले र कार्यक्रम संचालन सहायक निर्देशक विनोद कुमार पोखरेलले गर्नुभएको थियो ।

◆◆◆

## इलामको सूर्योदय नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न



सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गादेवी भट्टराई र बीमा समितिका उपनिर्देशक पनम ज्ञवाली श्रेष्ठ तथा अतिथिहरु ।

बीमा समितिको आयोजनामा यही कात्तिक १६ गते प्रदेश नं. १ को इलाम जिल्लाको सूर्योदय नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा सूर्योदय नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष तथा सदस्य, नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका कर्मचारी, कृषि प्राविधिक, अगुवा कृषक, महिला र सर्वसाधारणको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि सूर्योदय नगरपालिकाका उपप्रमुख दुर्गादेवी भट्टराईले बीमाप्रति जनविश्वास बढाउन बीमा दाबी भुक्तानी प्रक्रियालाई व्यवस्थित र सरल बनाउनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

साथै, उहाँले बीमाको पहुँच विस्तारका लागि आवश्यक सहयोग एवम् सहकार्य गर्न नगरपालिका तत्पर रहेको बताउनुभयो ।

बीमा समितिका उपनिर्देशक पुनम झवाली श्रेष्ठले बीमाको परिचय, बीमाको महत्व, बीमा दाबी भुक्तानी प्रक्रिया, बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिका लगायतका विषयमा कार्यपत्र मार्फत जानकारी दिनुभएको थियो ।

कार्यक्रममा सहभागीहरूले बीमा गर्न सजिलो तर बीमाको दाबी भुक्तानी पाउन भने झण्झट व्यहोर्नु परेको, पशु बीमामा बीमाङ्क रकम कायम गर्न समस्या पर्ने गरेको, पशु तथा पन्छीको बीमा गर्ने अभिकर्ताको अभाव देखिएको, बीमा कम्पनीहरूले कृषि तथा पशुपन्छी बीमा गर्न आलटाल गर्ने गरेको लगायतका गुनासा गर्नुभएको थियो ।

सूर्योदय नगरपालिकाका प्रमुख कार्यकारी अधिकृत प्रकाशराज पौडेल र जिल्ला उद्योग वाणिज्य सङ्घका महासचिव राजेन्द्र प्रधानको समेत उपस्थिति रहेको कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक प्रथम टेकराज पाण्डेयले र कार्यक्रम संचालन सहायक निर्देशक विनोद कुमार पोखरेलले गर्नुभएको थियो ।

## ताप्लेजुङ्गमा विद्यार्थीहरूसँग बीमासम्बन्धी अन्तरक्रिया

बीमा समितिको आयोजनामा यही कात्तिक ११ गते प्रदेश नं. १ को ताप्लेजुङ्ग जिल्लास्थित युवा वर्ष माध्यमिक विद्यालयमा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा युवा वर्ष माध्यमिक विद्यालयका प्रिन्सिपल चन्द्रमणि न्यौपाने, फुङलिङ नगरपालिकाका वडा अध्यक्ष तथा सदस्य, विद्यालयका शिक्षक तथा शिक्षिका र कक्षा ८, ९ र १० का विद्यार्थीहरूको सहभागिता रहेको थियो ।

कार्यक्रममा बीमा समितिका उपनिर्देशक पुनम झवाली श्रेष्ठले बीमा समितिका कार्यका बारेमा जानकारी दिनुभएको थियो ।

यसैगरी, बीमा समितिका सहायक निर्देशक विनोद कुमार पोखरेलले बीमाको परिचय, महत्व, बीमा गर्ने तरिका, दाबी भुक्तानी प्रक्रिया, बीमाको पहुँच



अन्तरक्रिया कार्यक्रममा सहभागी विद्यार्थीहरु ।

विस्तारमा विद्यालयको भूमिका लगायत बीमाका समग्र विषयमा जानकारी दिनुभएको थियो ।

कार्यक्रममा विद्यालयका प्रिन्सिपल र वडा अध्यक्षहरूले बीमाको पहुँच विस्तारका लागि आ-आफ्ना तर्फबाट पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको थियो । ◆◆◆

## सल्यानको शारदा नगरपालिकामा बीमा सचेतना कार्यक्रम

देशका स्थानीय तहमा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका कार्यक्रमहरु अभियानका रुपमा संचालन गर्ने क्रममा यही कात्तिक ८ गते कर्णाली प्रदेशको सल्यान जिल्लास्थित शारदा नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

बीमा समितिको आयोजनामा भएको कार्यक्रममा शारदा नगरपालिकाका प्रमुख, उपप्रमुख, वडा अध्यक्ष, सदस्य र नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषि तथा पशु प्राविधिक, शिक्षक, कृषक, महिला र सरोकारवालाहरु गरी करिव ७६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि शारदा नगरपालिकाका प्रमुख सुरेश अधिकारीले न्यून बीमा शुल्कमा नै घरको बीमा सकिने भएकाले यस सम्बन्धमा नगरपालिकाको आगामी बैठकमा निर्णय गरी सबै घरको बीमा गर्न पहल गर्ने प्रतिवद्धता व्यक्त गर्नुभयो ।

कार्यक्रममा बीमा समितिका उपनिर्देशक केशव प्रसाद दाहालले बीमाको महत्व, बीमा गर्ने तरिका, दाबी भुक्तानी प्रक्रिया, बीमाको पहुँच विस्तारमा स्थानीय तहको भूमिका लगायत बीमाका समग्र विषयमा जानकारी गराउनुभएको थियो ।

कार्यक्रममा सहभागीहरुले बीमा दाबी भुक्तानी प्रक्रिया झन्झटिलो भएको भन्दै त्यसलाई सरल एवम् पारदर्शी बनाउन, बीमाको पहुँच विस्तार तथा आइपर्ने समस्याहरुको यथाशीघ्र समाधानका लागि प्रदेशस्तरमा बीमा समितिको शाखा कार्यालय स्थापना गर्न, कृषि तथा पशुपन्छी बीमा दाबी भुक्तानीलाई छिटो छरितो तुल्याउन, घरदैलोमा आएर बीमा गराए जस्तै बीमाको दाबी भुक्तानी पनि स्थानीयस्तर गर्ने व्यवस्था गर्न आग्रह गर्नुभएको थियो ।

कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँ र कार्यक्रम संचालन सहायक निर्देशक राम कोजूले गर्नुभएको थियो ◆◆◆

## पश्चिम रुकुमको मुसिकोट नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना

बीमा समितिको आयोजनामा यही कात्तिक ११ गते कर्णाली प्रदेशको पश्चिम रुकुम जिल्लास्थित मुसिकोट नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम आयोजना गरिएको छ ।




कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

कार्यक्रमा मुसिकोट नगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष, सदस्य र नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषि तथा पशु प्राविधिक, शिक्षक, कृषक, महिला र सरोकारवालाहरु गरी करिब ७७ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि मुसिकोट नगरपालिकाका उपप्रमुख प्रेमकुमारी सुनारले बीमासम्बन्धी कार्यक्रम आयोजना गरेर बीमाको महत्व लगायतका विषयमा जानकारी गराएकोमा बीमा समितिप्रति आभार प्रकट गर्नुभयो ।

उहाँले नगरपालिकामा बीमाको पहुँच विस्तारका लागि सहकार्य गर्न नगरपालिका प्रतिवद्ध रहेको बताउनुभयो ।

कार्यक्रममा बीमासमितिका उपनिर्देशक केशवप्रसाद दाहालले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाबाट कृषि, पशुपन्छी, घर र सम्पत्तिमा भविष्यमा हुनसक्ने हानी नोक्सानीबाट आइपर्ने आर्थिक नोक्सानीको क्षतिपूर्ति हुने भएकाले ती सबैको बीमा गर्न गराउन सम्बन्धित सबैलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुले कृषि तथा पशुन्छी बीमाका लागि तोकिएका सबै जिल्लामा कृषि तथा पशुपन्छी बीमा गराउनुपर्ने प्रावधानमा कडाई गर्न, बीमितसमक्ष सहजै सेवा पुग्ने गर्ने गरी बीमा कम्पनीहरुका शाखा विस्तार गर्न, उन्नत जातका पशुपन्छी चाँडै नै बयस्क हुने भएकाले त्यसलाई समेत ध्यानमा राखी बीमाङ्क निर्धारण गर्न, बीमा अभिकर्ताका लागि पुनर्ताजगी तालिम प्रदान गरी बीमाका बारेमा सही जानकारी दिने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँ र कार्यक्रम संचालन सहायक निर्देशक राम कोजूले गर्नुभएको थियो ।

◆◆◆

## पूर्वी रुकुमको सिस्ने गाउँपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमासम्बन्धी जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले यही कात्तिक १२ गते लुम्बिनी प्रदेशको पूर्वी रुकुमस्थित सिस्ने गाउँपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू ।

कार्यक्रमा सिस्ने गाउँपालिकाका उपाध्यक्ष, वडा अध्यक्ष, सदस्य र गाउँपालिकाका कर्मचारी, स्थानीय उद्योगी व्यवसायी, बीमा, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषि तथा पशु प्राविधिक, शिक्षक, कृषक, महिला र सरोकारवालाहरु गरी करिब ८० जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा सिस्ने गाउँपालिकाका उपाध्यक्ष गोवर्द्धन बुढाले स्थानीय बासिन्दाले सहजरुपमा बीमा गर्न

पाउने र दाबी भुक्तानी पनि स्थानीयस्तर मै पाउने व्यवस्था गर्न आग्रह गर्नुभयो ।

बीमा समितिका उपनिर्देशक केशवप्रसाद दाहालले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै भूकम्प, बाढी, पहिरो, आगलागी लगायतका विपद्का कारण हुने जनधनको क्षतिका पुग्ने आर्थिक हानी नोक्सानीलाई कम गर्न सबैले बीमा गर्नुपर्ने बताउनुभयो । साथै, गाउँपालिकाले प्रदान गर्ने सेवासँग आवद्ध गरेर बीमाको पहुँच विस्तारमा जोड दिन जनप्रतिनिधिहरुलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुले हरेक वडामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रमहरु आयोजना गरी बीमासम्बन्धी सही जानकारी दिन, कोरोना बीमाको दाबी भुक्तानी यथाशीघ्र गर्ने व्यवस्था गर्न, बीमा अभिकर्ताबाट अपुरो र गलत जानकारी गराएर बीमा गराउने प्रवृत्तिलाई नियन्त्रण गर्न र पर्याप्त सङ्ख्यामा कृषि तथा पशुन्छी बीमा अभिकर्ता र कृषि प्राविधिकहरुको व्यवस्था गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँ र कार्यक्रम संचालन सहायक निर्देशक राम कोजूले गर्नुभएको थियो ।

◆◆◆

## जाजरकोटको भेरी नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही कात्तिक १४ गते कर्णाली प्रदेशको जाजरकोट जिल्लास्थित भेरी नगरपालिकामा बीमासम्बन्धी जनचेतनामूलक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा भेरी नगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष, सदस्य र नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि, कृषि तथा पशु प्राविधिक, शिक्षक, कृषक, महिला र सरोकारवालाहरु गरी करिव ८५ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि भेरी नगरपालिकाका उपप्रमुख भावना भण्डारीले बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रमको आयोजनाबाट बीमाका बारेको महत्व, बीमा गर्ने तरिका र दाबी भुक्तानीका बारेमा राम्रो जानकारी पाइने भएकाले यस्ता कार्यक्रम स्थानीयस्तरमा निरन्तर आयोजना गरिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

बीमा समितिका उपनिर्देशक केशव प्रसाद दाहालले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमासम्बन्धी ठोस नीति तथा कार्यक्रम ल्याएर सबै स्थानीय बासिन्दालाई बीमा गर्न प्रोत्साहित गर्न नगरपालिकालाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सहभागीहरुले कृषि बाली तथा पशुपन्छीको बीमा स्थानीयस्तरमै गर्न पाउने व्यवस्था गर्न, दाबी भुक्तानी प्रक्रिया सरल पारी बिना ढिलासुस्ती भुक्तानी पाउने व्यवस्था गर्न र गलत किसिमले बीमाको दाबी गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न सुझाव दिनुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँ र कार्यक्रम संचालन सहायक निर्देशक राम कोजूले गर्नुभएको थियो ।

◆◆◆

## दैलेखको नारायण नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न

बीमा समितिको आयोजनामा यही कात्तिक १६ गते कर्णाली प्रदेशको दैलेख जिल्लास्थित नारायण नगरपालिकामा बीमा सचेतना कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नारायण नगरपालिकाका उपप्रमुख, वडा अध्यक्ष, सदस्य र नगरपालिकाका कर्मचारी, जिल्ला उद्योग वाणिज्य सङ्घका पदाधिकारी, बीमा कम्पनीका शाखा प्रमुख, बैङ्क तथा वित्तीय संस्थाका प्रतिनिधि,ि कृषि तथा पशु प्राविधिक, शिक्षक, कृषक, महिला र सरोकारवालाहरु गरी करिव ७६ जनाको सहभागिता रहेको थियो ।

कार्यक्रममा प्रमुख अतिथि नारायण नगरपालिकाका उपप्रमुख सावित्री मल्लले स्थानीय स्तरमा बीमासम्बन्धी जनचेतना अभिवृद्धिका लागि जनचेतनामूलक कार्यक्रमको आयोजनाका साथै पुस्तिका वितरण एवम् प्रचार प्रसारका कार्यक्रम गर्न आवश्यक रहेको बताउनुभयो ।

बीमा समितिका उपनिर्देशक केशुव प्रसाद दाहालले बीमासम्बन्धी कार्यपत्र प्रस्तुत गर्नुहुँदै बीमाबाट भविष्यमा हुने विपद्बाट आइपर्ने आर्थिक हानी नोक्सानी कम गर्न सकिने भएकाले ठोस नीति तथा कार्यक्रमका साथ बीमाको विस्तार गर्न नगरपालिकालाई आग्रह गर्नुभयो ।



कार्यक्रममा सहभागी प्रमुख अतिथि र अतिथिहरू तथा सहभागीहरु ।

कार्यक्रममा सहभागीहरुले कृषि बाली, पशुपन्छी, घर सम्पत्ति जस्तै स्थानीय मठ मन्दिरको समेत बीमा गर्ने ब्यवस्था गर्न, उन्नत जातका पशुपन्छीको बीमाङ्कलाई समयानूकल परिमार्जन गर्न, कृषि तथा पशुपन्छीको बीमा दाबीलाई छिटो छरितो बनाउन र गाउँ गाउँमा बीमासम्बन्धी जनचेतनामूलक कार्यक्रम आयोजना गर्न आग्रह गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तब्य बीमा समितिका सहायक निर्देशक निश्चलराज बानियाँ र कार्यक्रम संचालन सहायक निर्देशक राम कोजूले गर्नुभएको थियो ।

♦♦♦

## कफी खेती बीमालेख जारी

बीमा समितिले कफी खेतीमा हुने क्षतिविरुद्ध बीमा गर्नका लागि उत्पादनमा आधारित कफी खेती बीमालेख जारी गरेको छ ।

कफी खेती बीमाले अग्नीजन्य क्षति, हावाजन्य क्षति, पानीजन्य क्षति, मौसमजन्य क्षति, भूमिजन्य क्षति, चट्याङ्जन्य क्षति, आकस्मिक तथा दुर्घटनाजन्य बाह्य कारणबाट हुने क्षति र रोग वा कीराजन्य कारणले हुने क्षतिको रक्षावरण गर्दछ ।

कफी खेती बीमालेख जारी गर्दा यसरी जारी भएको समय (घण्टा र मिनेट सहित) तथा जोखिम प्रारम्भ हुने मिति उल्लेख गर्नुपर्ने र बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमकले पालना गर्नुपर्ने प्रावधान रहेको छ ।

यस बीमालेख अन्तर्गत कफीको उत्पादन (चेरी) वा बोट वा दुवैको बीमा गर्न सकिने र यस बीमालेख अनुसार जारी कफी खेतीको बीमाशुल्क बीमाङ्क रकमको पाँच प्रतिशतका दरले लाग्ने व्यवस्था गरिएको छ ।

यसैगरी, सामूहिकरूपमा वा साझेदारीमा गरिएको कफी खेतीको बीमाका हकमा बीमालेखमा आवद्ध प्रत्येक व्यक्तिको छुट्टा छुट्टै दुर्घटना बीमा गरेको हुनुपर्ने र यस्तो बीमालेख जारी भइसकेपछि बीमाङ्क रकम परिवर्तन गर्न नपाइने प्रावधान रहेको छ ।

बीमितले बीमाशुल्क वापत भुक्तानी गरेको रकम बीमकको बैङ्क खातामा प्राप्त नभएसम्म बीमकले बीमालेख जारी गर्न नपाउने तर अनुदानमा प्राप्त हुने बीमालेखको हकमा भने अनुदानबाट प्राप्त हुने रकम कट्टा गरी बाँकी रकम बीमकको बैङ्क खातामा जम्मा गरेपछि बीमालेख जारी गर्न पाउने व्यवस्था रहेको छ ।

◆◆◆

## दुर्घटना बीमा निर्देशिका, २०७८ जारी

बीमा समितिले निर्जीवन बीमा व्यवसाय अन्तर्गत दुर्घटना बीमाको स्तरीकृत बीमालेख तयार गरी तथा त्यसका लागि आवश्यक पर्ने बीमादर समेत निर्धारण गरी दुर्घटना बीमा निर्देशिका, २०७८ जारी गरेको छ ।

यस निर्देशिका बमोजिम जारी गरिने बीमालेख व्यक्तिगत दुर्घटना बीमालेख र सामूहिक दुर्घटना बीमालेख गरी दुई प्रकारका हुनेछन् । दुर्घटना बीमालेख एकवर्ष वा सोभन्दा कम अवधिका लागि मात्र जारी गर्न सकिने व्यवस्था रहेको छ ।

एक वर्षका लागि जारी गरिने बीमालेखको एक महिनासम्मका लागि वार्षिक बीमाशुल्कको २५ प्रतिशत, एक महिनादेखि तीन महिनासम्मका लागि वार्षिक बीमाशुल्कको ४० प्रतिशत, तीन महिनादेखि छ महिनासम्मका लागि वार्षिक बीमाशुल्कको ६० प्रतिशत र छ महिनादेखि एक वर्षसम्मका लागि शतप्रतिशत बीमादर तोकिएको छ ।

व्यक्तिगत दुर्घटना बीमाका लागि न्यूनतम् प्रतिव्यक्ति प्रतिहजार दुई रूपियाँ बीमादर तोकिएको छ ।

सामूहिक दुर्घटना बीमातर्फ दुई जनादेखि २५ जनासम्मको समूहका लागि प्रतिव्यक्ति प्रतिहजार न्यूनतम् दुई रूपियाँ, २६ जनादेखि एकसय जनासम्मका लागि प्रतिव्यक्ति प्रतिहजार न्यूनतम एक रूपियाँ ७५ पैसा र एकसयभन्दा बढीका लागि प्रतिव्यक्ति प्रतिहजार न्यूनतम एक रूपियाँ ५० पैसा बीमादर तोकिएको छ ।

यसैगरी, बीमाशुल्क गणना गर्दा प्रति बीमालेख एकसय रूपियाँभन्दा कम बीमाशुल्क लिन नपाइने र बीमालेख जारी गर्दा बीमाशुल्क दर तथा बीमाशुल्क रकम प्रष्ट ढङ्गले खुलाई गणना गर्नुपर्ने प्रावधान रहेको छ ।

बीमकले यस निर्देशिका बमोजिम व्यक्ति वा व्यक्तिको समूहका लागि मात्र बीमालेख जारी गर्न सक्ने र बीमा प्रस्ताव फारम, तालिका, सम्पुष्टी, बीमालेख तथा सोसँग संलग्न अनुसूचीलाई समग्र बीमा करारको रूपमा लिनुपर्ने व्यवस्था निर्देशिकामा गरिएको छ ।

बीमालेखमा उल्लेख गरिएको बीमा अवधिभित्र बीमितको दुर्घटनाबाट मृत्यु भएमा बीमाङ्कको अतिरिक्त दुर्घटना बीमावापत बीमाङ्क रकम रू. दुई लाख बीमकले बीमितलाई भुक्तानी गर्नुपर्ने व्यवस्था समेत रहेको छ ।

◆◆◆

## बीमासम्बन्धी जानकारी

**१. बीमाको परिचय ः**

बीमा भनेको मानव जीवनमा आइपर्ने विभिन्न किसिमका जोखिम व्यवस्थापन तथा न्यूनीकरण गर्ने उपकरणहरू मध्येको एक महत्वपूर्ण उपकरण हो । अर्थात् अनिश्चित जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने माध्यम बीमा हो ।

बीमा गर्दा बीमा गरिएको बस्तुमा हुने जोखिमको क्षतिपूर्तिको भाग बीमितवाट बीमा कम्पनीमा सार्ने काम गरिन्छ । बीमा गरिए पश्चात् बीमा गरिएको वस्तुमा तोकिएको जोखिमवाट हानी–नोक्सानी भएमा आफूले स्वीकार गरे अनुसारको मूल्याङ्कनबाट तोकिएको हदबाट नबढ्ने गरी बीमा कम्पनीले क्षती वापतको क्षतिपूर्ति रकम बीमितलाई व्यहोर्ने गर्दछन् ।

**२. बीमाका प्रकार ः**

सामान्यतया बीमा तीन प्रकारका हुन्छन्, जीवन बीमा, निर्जीवन बीमा र पुनर्बीमा ।

**(क) जीवन बीमा ः**

जीवन बीमा भनेको मानिसको जीवनसँग सम्बन्धित हुन्छ । जीवन बीमा गरेपछि बीमाको अवधि समाप्त भएपछि बोनस सहित एकमुष्ठ रकम पाइन्छ । बीमा अवधिमा कथम्कदाचित् बीमितिको मृत्यु भएमा निजको अधिकारप्राप्त हकवालाले बीमा रकम प्राप्त गर्दछन् । जीवन बीमा अन्तर्गत आजीवन बीमा, सावधिक जीवन बीमा र म्यादी जीवन बीमा पर्दछन् ।

**(क) निर्जीवन बीमा ः**

निर्जीवन बीमा भनेको सम्पत्तिमा हुने विभिन्न प्रकारको भवितव्य तथा दुर्घटनाबाट सिर्जित आर्थिक क्षतिको रक्षावरण गर्ने माध्यम हो । निर्जीवन बीमा अन्तर्गत अग्नी बीमा, मोटर बीमा, इञ्जिनीयरिङ्ग बीमा, सामुन्द्रिक बीमा, हवाई बीमा र विविध बीमा पर्दछन् ।

**(क) पुनर्बीमा ः**

बीमा कम्पनीहरूले पुनः अर्को कम्पनीसँग गर्ने बीमालाई पुनर्बीमा भनिन्छ ।

**३. बीमाको महत्व र आवश्यकता ः**

- बीमाले निश्चित शर्तका आधारमा बीमकबाट पूरै वा आङ्शिक जोखिम बहन गरी भविष्यमा हुनसक्ने नोक्सानी विरूद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- बीमाले जोखिलाई सुरक्षावरणको रूपमा लिने गर्दछ । अर्थात् जोखिम हस्तान्तरण गरी क्षतिपूर्ति प्राप्त गर्ने सरल माध्यम भनेको बीमा हो ।
- भविष्यमा हुनसक्ने विपत्ति र दुर्घटनाबाट जीवन तथा सम्पत्तिमा हुने क्षतिबाट सिर्जना

हुने आर्थिक हानी नोक्सानीलाई बीमाले न्यूनीकरण गर्दछ ।

- बीमा व्यक्ति तथा परिवारको नाफादायक लगानी पनि हो । थोरै थोरै रकम बचत गरेर गरिएको बीमाको अवधि समाप्त भएपछि प्राप्त हुने एकमुष्ठ रकमबाट आर्थिक अभावलाई पूर्ति गर्न सकिन्छ ।
- लगानीकर्ता, उद्यमी तथा व्यवसायीलाई प्रोत्साहित गर्न, व्यवसायमा हुनसक्ने जोखिम विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्न र वाणिज्य व्यापारको प्रवर्द्धन गर्न बीमा आश्यक हुन्छ ।
- देशमा पूँजी निर्माण गर्न, रोजगारीका अवसर सिर्जना गर्न र विपन्नता कारण हुने सामाजिक विकृतिमा कमी ल्याउन समेत बीमाको महत्वपूर्ण भूमिका रहेको हुन्छ ।

**४. बीमाबाट हुने आर्थिक रक्षावरण :**

- बीमाले जीवन तथा सम्पत्तिमा हुने क्षति तथा हानी नोक्सानी विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- जीवन बीमा गर्दा बीमालेखको अवधि समाप्त भएपछि बीमितिले बोनस सहित एकमुष्ठ रकम प्राप्त गर्दछ । यदि बीमालेखको अवधि समाप्त हुनुभन्दा अगाडि नै बीमितिको मृत्यु भएमा निजको कानूनी हकदारलाई बीमाको रकम प्राप्त हुन्छ ।
- निर्जीवन बीमाले मानिसको स्वास्थ्यका साथै पालन गरिएका पशुपन्छी, बालीनाली, घर, भवन, व्यवसाय लगायतका सम्पत्तिमा भविष्यमा भूकम्प, हावाहुरी, बाढी पहिरो, अधिक वर्षा, चट्याङ्ग लगायतका प्राकृतिक प्रकोपबाट हुने क्षतिका विरुद्ध आर्थिक सुरक्षा प्रदान गर्दछ ।
- भविष्यमा दुर्घटनाबाट निजी तथा व्यवसायिक सवारी साधनमा हुने क्षति विरुद्ध मोटर बीमाले आर्थिक रक्षावरण गर्दछ ।

**५. जीवन बीमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था :**

- बीमक (जीवन बीमा कम्पनी) ले जीवन बीमाको शुल्कको अन्तिम किस्ता भुक्तानी गरिसकेका बीमितका नाममा किस्ता भुक्तानी गरेको मितिले १५ दिनभित्र त्यस्तो बीमाको दाबी भुक्तानीका लागि चाहिने बीमालेख लगायतका कागजात समेत संलग्न राखी दाबी भुक्तानी लिन आउनका लागि भुक्तानी पूर्जी (डिस्चार्ज भौंचर) जारी गर्नुपर्दछ ।
- बीमितले जीवन बीमाको दाबी भुक्तानीका लागि बीमालेख तथा अन्य कागजातहरू र भुक्तानी पूर्जी समेत बीमक समक्ष पेश गरेमा बीमकले आवश्यक जाँचबूझ गरी जीवन बीमालेखको अवधि समाप्त भएको मितिले सात दिनभित्र जीवन बीमाको दाबी भुक्तानी दिनु पर्दछ ।
- जीवन बीमालेखको अवधि समाप्त हुनुभन्दा अगाडि बीमितको मृत्यु भएमा निजले इच्छाएको व्यक्ति भए निजले र कसैलाई इच्छाएको नभए सबैभन्दा नजिकको हकवालाले त्यस्तो जीवन बीमाको रकम लिनका लागि देहायका विवरणहरू खुलाई दाबी भुक्तानी पाउनका लागि निवेदन दिनु पर्दछ ।

(क) दाबी सम्बन्धी विवरण,

(ख) बीमितको मृत्यु प्रमाणपत्र,

(ग) दुर्घटनाबाट बीमितको मृत्यु भएको र त्यस्तो जोखिम जीवन बीमामा समावेश भएको भए बीमितको मृत्युको कारण सम्बन्धमा सरकारी चिकित्सकद्वारा गरिएको शव परीक्षणको प्रतिवेदन र सो नभए प्रहरी प्रतिवेदन,

(घ) बीमितसँगको नाता प्रमाणपत्र,

(ङ) उमेर प्रमाणित नभएको अवस्थामा उमेर प्रमाणित गर्ने कागजातहरू,

(च) बीमा समितिद्वारा तोकिएका अन्य विवरणहरू ।

- त्यसरी निवेदन प्राप्त भएपछि बीमकले जीवन बीमा दाबीका सम्बन्धमा पेश भएका कागजात समेतका विवरणहरू छानवीन गरी आवश्यक भए अन्य कुराहरू समेत बुझी आफूसमक्ष कागजातहरू प्राप्त भएको मितिले १५ दिनभित्र दायित्व निर्धारण गरी दाबी भुक्तानी लिन आउनका लागि निवेदकका नाममा भुक्तानी पूर्जी जारी गर्नु पर्दछ । यसरी जारी गरेको भुक्तानी पूर्जी जारी भएको मितिले १५ दिनभित्र बीमकले बीमाको दाबी रकम भुक्तानी गर्नु पर्दछ ।
- बीमकले विवरणहरू छानवीन गर्दा दायित्व निर्धारण गरी बीमा दाबी भुक्तानी नपर्ने देखेमा सो को कारण खोली त्यसको लिखित जानकारी निवेदकलाई दिनु पर्दछ ।

**६. निर्जीवन बीमा दाबी भुक्तानी सम्बन्धी व्यवस्था ः**

- निर्जीवन बीमा गर्ने बीमितले बीमालेख बमोजिमको दाबी गर्नुपर्ने भएमा तत्सम्बन्धी सम्पूर्ण विवरणहरू खुलाई बीमक समक्ष निवेदन दिनु पर्दछ ।
- निर्जीवन बीमाको दाबी भुक्तानीका लागि बीमितबाट निवेदन प्राप्त भएपछि बीमकले त्यस सम्बन्धमा आवश्यक जाँचबूझ गर्नु परेमा तुरुन्त बीमा सर्भेयर खटाउनु पर्दछ ।
- खटिएको बीमा सर्भेयरले आवश्यक जाँचबूझ गरी १५ दिनभित्र बीमकको दायित्व निर्धारण गरी त्यसको विस्तृत विवरण समेतको प्रतिवेदन बीमक समक्ष पेश गर्नु पर्दछ । प्रतिवेदनमा बीमकबाट बीमालेखको शर्त बमोजिम बीमितले पाउन सक्ने रकम समेत उल्लेख गरिएको हुनु पर्दछ ।
- सर्भेयरले प्रतिवेदन पेश गरेको मितिले साधारणतया ३५ दिनभित्र बीमकले दायित्व ठहर गरी बीमितलाई निर्जीवन बीमाको दाबी रकम भुक्तानी गर्नु पर्दछ ।

**७. उजूर गर्न सक्ने व्यवस्था ः**

- बीमा सम्बन्धी कुनै गुनासो भए वा समस्या परेमा नेपालको बीमा नियमनकारी निकाय 'बीमा समिति' मा उजूरी दिन सकिने छ ।
- बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरेमा बीमितले त्यसको कारण समेत खोली बीमा समितिमा उजूरी गर्नु पर्दछ ।

- बीमाको दायित्व निर्धारणका सम्बन्धमा बीमक विरुद्ध बीमितले दिएका उजूरी माथि बीमा समितिले निर्णय गर्दछ ।
- बीमक र बीमितबीचको कुनै विवाद उत्पन्न भएमा त्यसको मध्यस्थता गर्ने कार्य पनि समितिले गर्दछ ।

**५. बीमा गर्दा ध्यान दिनुपर्ने कुराहरू ः**

- बीमितले बीमा गर्नुभन्दा अगाडि आफूलाई आवश्यक पर्ने बीमा यकीन गरी त्यससँग सम्बन्धित प्रस्ताव फाराममा खुलाउनुपर्ने सम्पूर्ण विवरणहरू स्पष्टसँग खुलाई भर्नु पर्दछ ।
- बीमालेखमा उल्लेखित सम्पूर्ण शर्त एवम् सुविधाका बारेमा जानकारी लिएर मात्र बीमा गर्नु पर्दछ ।
- बीमितले आफ्नो पेशा, व्यवसाय एवम् आर्थिकस्तर समेतलाई ध्यानमा राखेर बीमालेख खरीद गर्नु पर्दछ ।
- बीमाशुल्क बुझाउने तथा बीमालेख नवीकरण गर्ने मिति, इच्छाइएको व्यक्तिको नाम, बीमालेख वापत रकम पाउने, नपाउने जस्ता विषयमा बीमालेख खरि द गर्नुभन्दा अगाडि नै राम्रोसँग बुझ्नु पर्दछ ।
- बीमितले बीमाशुल्क बुझाएपछि त्यसको आधिकारिक भर्पाई वा रसिद लिनु पर्दछ ।
- बीमा सम्बन्धी प्रस्ताव फाराम बीमित स्वयम्ले भर्नु पर्दछ । यदि बीमित निरक्षर वा प्रस्ताव फाराम भर्न असमर्थ भएमा निजले तोकेको व्यक्तिले प्रस्ताव फाराम भर्नु पर्दछ ।
- बीमितले आफूले बीमा गर्न लागेको बीमा कम्पनीका बारेमा राम्रोसँग बुझेर मात्र बीमा गर्नु पर्दछ ।
- बीमालेख नवीकरण गर्ने समय ख्याल गरी समयमा नै बीमालेख नवीकरण गर्नु पर्दछ ।
- बीमा सम्बन्धी प्रचलित नीति नियमहरू तथा कानूनका बारेमा जानकारी राख्नु पर्दछ ।
- बीमितले आफूले खरिद गरेको बीमालेखसँग सम्बन्धित सम्पूर्ण कागजातहरू सुरक्षित राख्नु पर्दछ ।
- हाल प्रविधिको विकाससँगै विभिन्न बैकिङ्ग प्रणाली तथा डिजिटल भुक्तानी पोर्टल मार्फत घरबाट नै बीमाशुल्क बुझाउन सकिने भएकाले त्यस सम्बन्धमा राम्रोसँग जानकारी लिएर मात्र भुक्तानी गर्नु पर्दछ ।

## बीमा समितिबाट इजाजतपत्र प्राप्त जीवन बीमा कम्पनीहरू

| क्र.सं. | बीमकको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | राष्ट्रिय बीमा संस्थान | रामशाहपथ, काठमाडौं | ४२६२५२० |
| २. | नेशनल लाइफ इन्स्योरेन्स कं. लि. | लाजिम्पाट, काठमाडौं | ४४१४७९९ |
| ३. | नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४१६९०८२ |
| ४. | लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लि. | नक्साल काठमाडौं | ४४४३६१६ |
| ५. | मेट लाइफ इन्स्योरेन्स | पुल्चोक, ललितपुर | ५५५५१६६ |
| ६. | एसिएन लाइफ इन्स्योरेन्स कं. लि. | मैतिदेवी, काठमाडौं | ४४१०११५ |
| ७. | सूर्या लाइफ इन्स्योरेन्स कं. लि. | सानोगौचरण, काठमाडौं | ४४२३७४३ |
| ८. | गुराँस लाइफ इन्स्योरेन्स कं. लि. | तीनकुने, काठमाडौं | ५१९९३१० |
| ९. | प्राइम लाइफ इन्स्योरेन्स कं. लि. | हात्तिसार, काठमाडौं | ४४४१४१४ |
| १०. | आइएमई लाइफ इन्स्योरेन्स कं. लि. | लैनचौर, काठमाडौं | ४०२४०७५ |
| ११. | युनियन लाइफ इन्स्योरेन्स कं. लि. | नयाँ बानेश्वर, काठमाडौं | ४७८४७५८ |
| १२. | ज्योति लाइफ इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर, काठमाडौं | ४४४५९४१ |
| १३. | सन नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४४३६१२६ |
| १४. | रिलायन्स लाइफ इन्स्योरेन्स कं. लि. | नयाँ बानेश्वर, काठमाडौं | ४७८७२२४ |
| १५. | रिलायन्स नेपाल लाइफ इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर, काठमाडौं | ४४२३६१८ |
| १६. | सिटिजन लाइफ इन्स्योरेन्स कं. लि. | थापाथली, काठमाडौं | ४१०१७४४ |
| १७. | सानिमा लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४४३८८८६ |
| १८. | प्रभु लाइफ इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४२२६५६८ |
| १९. | महालक्ष्मी लाइफ इन्स्योरेन्स लि. | नक्साल, काठमाडौं | ४४४५१२३ |

## बीमा समितिबाट इजाजतपत्र प्राप्त निर्जीवन बीमा कम्पनीहरू

| क्र.सं. | बीमकको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | राष्ट्रिय बीमा कम्पनी लिमिटेड | रामशाहपथ, काठमाडा | ४२५८७२१ |
| २ | नेपाल इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४२२१३५३ |
| ३ | दी ओरियन्टल इन्स्योरेन्स कं. लि. | डिल्लीबजार, काठमाडौं | ४४१६४३९ |
| ४ | नेशनल इन्स्योरेन्स कं. लि. | त्रिपुरेश्वर, काठमाडौं | ४२५०७१० |
| ५ | हिमालय जनरल इन्स्योरेन्स कं. लि. | बबरमहल, काठमाडौं | ४२३१७८८ |
| ६ | युनाइटेड इन्स्योरेन्स कं. लि. | थापाथली, काठमाडौं | ५१११११११ |
| ७ | प्रिमियर इन्स्योरेन्स कं. (नेपाल) लि. | नक्साल, काठमाडौं | ४४१३५४३ |
| ८ | एभरेष्ट इन्स्योरेन्स कं. लि. | हात्तिसार, काठमाडौं | ४४४४७१७ |
| ९ | नेको इन्स्योरेन्स लि. | अनामनगर, काठमाडौं | ४७७०१२७ |
| १० | सगरमाथा इन्स्योरेन्स कं. लि. | भगवती बहाल, काठमाडौं | ४४१२३६७ |
| ११ | प्रभु इन्स्योरेन्स लि. | तीनकुने, काठमाडौं | ५१९९२२० |
| १२ | आइएमई जनरल इन्स्योरेन्स लि. | नक्साल, काठमाडौं | ४४११५१० |
| १३ | प्रुडेन्सियल इन्स्योरेन्स कं. लि. | कमलादी, काठमाडौं | ४२१२९४० |
| १४ | शिखर इन्स्योरेन्स कं. लि. | थापाथली, काठमाडौं | ४२४६१०१ |
| १५ | लुम्बिनी इन्स्योरेन्स कं. लि. | ज्ञानेश्वर, काठमाडौं | ४४११७०७ |
| १६ | एनएलजी इन्स्योरेन्स कं. लि. | लाजिम्पाट, काठमाडौं | ४४४२६४६ |
| १७ | सिद्धार्थ इन्स्योरेन्स कं. लि. | बबरमहल, काठमाडौं | ४२५७७६६ |
| १८ | जनरल इन्स्योरेन्स कं. (नेपाल) लि. | हात्तिसार, काठमाडौं | ४४४३५४४ |
| १९ | अजोड इन्स्योरेन्स कं. लि. | सुन्धारा, काठमाडौं | ४२४३७६८ |
| २० | अजोड इन्स्योरेन्स कं. लि. | सुन्धारा, काठमाडौं | ४२४३७६८ |

# बीमा समितिबाट इजाजतपत्र प्राप्त पुनर्बीमा कम्पनीहरू

| क्र.सं. | पुनर्बीमा कम्पनीको नाम | ठेगाना | सम्पर्क नं. |
|---|---|---|---|
| १ | नेपाल पुनर्बीमा कम्पनी लिमिटेड | थापाथली, काठमाडौं | ४२१८४५८ |
| २ | हिमालयन पुनर्बीमा कम्पनी लिमिटेड | महाराजगञ्ज, काठमाडौं | ४४४३४३२ |


**संरक्षक**

श्री सूर्यप्रसाद सिलवाल

अध्यक्ष

**सल्लाहकार**

श्री राजुरमण पौडेल, कार्यकारी निर्देशक

श्री सुशीलदेव सुवेदी, निर्देशक

श्री दिनेश कुमार लाल, निर्देशक

**संपादक समूह**

**संयोजक**

श्री पूजन ढुङ्गेल (अधिकारी), निर्देशक

**सदस्यहरू**

श्री ध्रुव तिमिल्सिना, उपनिर्देशक

श्री जमुना अर्याल (आचार्य), सहायक निर्देशक

श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

**कम्प्युटर लेआउट**

श्री कृष्णराज अधिकारी, कम्प्युटर प्राविधिक

**प्रकाशक**

**बीमा समिति**

(नेपालको बीमा नियमनकारी निकाय)

कुपण्डोल, ललितपुर ।

फोन : ०१-५४२१०७९, ५४३८७४३

टोल फ्री नं. : १६६०-०१-५६७८९

फ्याक्स : ०१-५४२०११९

**Email: info@nib.gov.np,**

**Website: www.nib.gov.np**